# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९ | काठमाडौं | मंगलबार, ०८ जेठ २०८१ | Prabhab National Daily | Tuesday, May 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



गणतन्त्र दिवस भव्यरूपमा मनाऔं

लोकतान्त्रिक गणनतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।

संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विपक्षीलाई पेलेरै विश्वासको मत

## रोस्ट्रमबाटै प्रधानमन्त्रीको धम्की





**सोमबार चौथोपटक संसद्बाट विश्वासको मत पाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल (बाँया) र प्रधानमन्त्रीले विश्वासको मत लिनेक्रममा नाराबाजी गर्दै नेपाली कांग्रेससहित प्रतिपक्षी दलका सांसदहरू ।** *तस्बिरः रासस*

सरकारले तानाशाही प्रवृत्ति देखायो । बलमिच्याइँ गऱ्यो । दुःखदायी घटना सरकारले प्रतिनिधिसभामा मञ्चन गरेको छ । विपक्षीलाई बोल्नै नदिने । संघीय संसद्लाई ब्यारेकजस्तै बनायो । यो खेदजन्य छ ।

**■ रमेश लेखक**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**

तपाईंहरूको यो गतिविधि नेपालको इतिहासमा कलंकका रूपमा रहने छ । कांग्रेसका लागि यो मूल्य चर्को पर्ने छ । यो गतिविधि इतिहासमा राम्रैसँग कलंकको रूपमा स्थापित हुने छ ।

**■ पुष्पकमल दाहाल**
**प्रधानमन्त्री**

सरकारलाई कमजोर पार्ने, पर्दाभित्रबाट सरकार बदल्ने खालका कोसिस पनि भए । सरकार ढाल्ने प्रयास माकुराको जालजस्तो च्यातिएपछि त्यसका प्रतिक्रिया प्रतिनिधिसभामा देखिएका छन् ।

**■ विष्णु पौडेल**
**उपाध्यक्ष, नेकपा एमाले**

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले विपक्षी दललाई पेलेरै विश्वासको मत लिएका छन् । सोमबार प्रधानमन्त्री दाहालले मार्सल लगाएर विश्वासको मत लिएका हुन् । प्रतिपक्षीको नाराबाजीकाबीच सभामुख देवराज घिमिरेले मत विभाजनको प्रक्रिया अघि बढाउँदा १५८ जना सहभागी भएका थिए । जसमा प्रधानमन्त्री दाहालले १५७ मत पाए । विपक्षमा शून्य र एक मत तटस्थमा परेको थियो ।

प्रतिनिधिसभामा प्रतिपक्षी दललाई बोल्नै नदिई सभामुख घिमिरेले विश्वासको मतको प्रक्रिया अघि बढाए । सभामुख घिमिरेले प्रधानमन्त्री दाहालपछि एमाले उपाध्यक्ष विष्णु पौडेललाई मात्र बोल्न दिए । विपक्षी दललाई मर्यादापालकले घेरेर विश्वासको मत लिएपछि सरकारले सदनलाई ब्यारेक बनाएको कांग्रेसले आरोप लगाएको छ ।

'सरकारले तानाशाही प्रवृत्ति देखायो । बलमिच्याइँ गऱ्यो । दुःखदयी घटना सरकारले प्रतिनिधिसभामा मञ्चन गरेको छ,' विश्वासको मतपछि पत्रकार सम्मेलन गरी कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने, 'विपक्षीलाई बोल्नै नदिने । संघीय संसद्लाई ब्यारेकजस्तै बनायो । यो खेदजन्य छ ।'

जबरजस्ती विश्वासको मत लिएपछि कांग्रेससहित विपक्षी दलको बैठक बसेको थियो । उक्त बैठकलगत्तै कांग्रेस संसदीय दलको बैठक बसेर सरकारले बहुमतको दम्भ देखाएको ठहर गरेको छ । 'नेपाली संसदीय परम्पराको मान्यता र मर्यादाविपरीत सत्तापक्षले बहुमतको दम्भ देखाएको संसद्को दृश्यले सरकार लोकतन्त्र, संसदीय मूल्य र मान्यताप्रति गैरजिम्मेवार, असहिष्णु र अनुदार भएको पुनर्पुष्टि भएको छ । नेपाली कांग्रेस संसदीय दलको यो बैठक सरकारलाई लोकतन्त्रका मूल्य, मान्यता र संसदीय मर्यादाप्रति असंवेदनशील नहुन चेतावनी दिन चाहन्छ,' कांग्रेस प्रमुख सचेतक लेखकले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले लामो समयदेखि उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न रहेको आरोप लगाउँदै संसदीय छानबिन समितिको माग गर्दै आएको छ । यही विषयमा सरकारले छानबिन समिति बनाउने तयारीसमेत गरेको थियो । सदनमा गृहमन्त्री लामिछानेलाई बोल्न दिए समिति गठन गर्ने प्रधानमन्त्री दाहालको आश्वासन पाएपछि आइतबारबाट सदन सुरु भएको थियो । तर उक्त बैठकपछि सभामुख घिमिरेले कांग्रेसलाई बोल्ने समय दिन मानेनन् । लगत्तै प्रधानमन्त्री दाहालले विश्वासको मत लिने कार्यक्रम अघि बढाइयो । सरकारको यस्तो कदम तानाशाही भएको कांग्रेसले ठहर गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)

### कांग्रेसको तयारी के छ ?

प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल भएर पनि नेपाली कांग्रेस प्रतिपक्षमा छ । वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वकै पार्टी माओवादी केन्द्रसँग चुनावी तालमेल गरेको कांग्रेसले सत्तामा भने नेतृत्व पाउन सकेको छैन । बरू प्रतिपक्षमै बसेर अहिले गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्न संसदीय समितिको माग गर्दै आएको छ । तर सरकारले कुनै टेरपुच्छर लगाएको छैन । यसबारे थप रणनीति बनाउने कांग्रेसले भोलि बुधबारका लागि केन्द्रीय समिति र संसदीय समितिको संयुक्त बैठक डाकेको छ । बैठकमा सरकारको कार्यशैलीबारे कसरी प्रस्तुत हुने भन्ने विषयमा थप रणनीति बन्ने कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिवसमेत रहेका राष्ट्रिय सभा सदस्य कृष्ण पौडेलले जनाए ।

(क्रमशः पृष्ठ २ मा)

# सत्तापक्षको बलजफ्तीमा सभामुखको साथ

## पार्टी कार्यकर्ताको भूमिकामा देखिए सभामुख घिमिरे



**■ जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको भूमिकाप्रति विपक्षी दलहरू सशंकित बनेका छन् । उनी सदनको नेताजस्तो पटक्कै नदेखिएको विपक्षी दलहरूको टिप्पणी छ । उनले सदनमा खेलेको भूमिकाले उनी नेकपा एमालेको कार्यकर्ताजस्तो देखिएको पनि विपक्षी दलहरूको आरोप छ । सभामुख घिमिरे तटस्थ बन्न नसकेको निष्कर्ष निकाल्दै नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायत दलले उनको आलोचना गरेका छन् । पदीय मर्यादालाई कायम गर्न नसकेको निष्कर्ष कांग्रेसले निकालेको छ ।

'सभामुखको पदीय गरिमाअनुसार भूमिका भएन । सभामुख पदमा आसिन व्यक्तिले त्यो गरिमा राख्नुपर्छ । कुनै पार्टी विशेषको जस्तो रूपमा प्रस्तुत हुन हुँदैन,' कांग्रेस संसदीय दलको बैठकपछि पत्रकार सम्मेलनमा प्रमुख सचेतक रमेश लेखकले भने, 'सभामुखलाई मर्यादित भूमिका कायम गर्न हामीले ध्यानाकर्षण गराएका छौं ।'

कांग्रेसको अवरोधबीच सभामुख घिमिरेले प्रधानमन्त्रीका लागि विश्वासको मत लिने प्रक्रिया अघि बढाएकोमा पनि घिमिरेप्रति कांग्रेस रुष्ट छ । 'नेपालको संविधानअनुसार विश्वासको मत लिन ३० दिन छ । विपक्षी दलले संसदीय छानबिन समिति माग गरिरहेको अवस्थामा समितिको कार्यादेश टुंगोमा पुऱ्याएर अन्य काम अघि बढाउनुपर्नेमा सरकारले बहुमतको दम्भमा बलमिच्याइँ गऱ्यो,' लेखकले भने । यस्तो कार्यमा सभामुखले पनि सहयोग गरेको कांग्रेसको धारणा छ ।

हामीले आज संसद्मा सभामुख देखेनौं । कुर्सीमा बसेको मान्छे कुनै पार्टीको कार्यकर्ता देख्यौं । सभामुखले संसद्मा उपस्थित भएको संख्याको पनि गलत टिप्पणी सार्वजनिक गर्नुभएको छ, यो ठूलो गल्ती हो ।

**■ ज्ञानबहादुर शाही**
**प्रमुख सचेतक, राप्रपा**

संसद्कै अर्को विपक्षी दल राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले सभामुख घिमिरे सभामुखको रूपमा नभई पार्टी कार्यकर्ताको रूपमा प्रस्तुत भएको बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)


## नेपाल रत्न तथा आभुषण संघका सम्पूर्ण सदस्यहरूमा

# हार्दिक अपिल

नेपाल रत्न तथा आभुषण संघको पदाधिकारीको हैसियतले मैले सुनको कोटा प्रणाली र यसबाट देखापरेको सिन्डिकेटका कारण सुनको अवैध कारोवार बढदै गएको बिषयलाई सामाजिक सञ्जाल र आमसञ्चार मार्फत उठाउदै आएको छु। नेपाल राष्ट्र बैंकले जारी गरेको सुन खरिद तथा विक्री वितरण सम्वन्धी कार्यविधि २०६८ मा गहनाको पसल संचालन वा सुनको कारोवार गर्न राष्ट्र बैंकले तोकेको ३ वटा मध्ये कुनै एउटा महासंघको अनिवार्य सदस्य बन्नु पर्ने र उक्त महासंघको सिफारिसमा मात्र तोकिएको बाणिज्य बैंकबाट काँचो सुन खरिद गर्न पाउने व्यवस्था छ। राष्ट्र बैंकको उक्त प्रावधानको कारण स्वतन्त्र रुपमा गहना पसल संचालन गर्ने अवस्था नरहेको कारण देशभरका २० हजार व्यवसायी मर्कामा परेको बिषयलाई मैले नेपाल सरकार र नीति निर्माताको ध्यानाकर्षण गर्न खोजेको हुँ। नेपाल राष्ट्र बैंकको कोटा प्रणालीले गहना व्यवसायमा सिन्डिकेट सिस्टम कायम भएको र कार्यविधिले यसलाई संस्थागत गर्न खोजेको हुँदा सुनचाँदी व्यवसायमा अवैध कारोवार बढ्दै गएको एवं यसमा कोटा वितरणमा जिम्मेवार संघ र महासंघका पदाधिकारी संलग्न रहेको बिषयलाई छानवीन गर्न र दोषीमाथि कार्वाही गर्न राज्यका निकायमा उजुरी समेत दिएको छु। सुनचाँदी व्यवसायमा देखिएको बेथिति अन्त्यका लागि मैले उठाएको आवाजलाई विभिन्न आमसञ्चार माध्यमले प्रकाशन प्रशारण गर्दै आएका छन्। बेथितिका विरुद्ध आवाज उठाएको नाममा म र मेरो परिवारका सदस्य आवद्ध रहेका फर्म तथा कम्पनीलाई संघको साधारण सदस्य समेत नरहनेगरी नेपाल रत्न तथा आभुषण संघले मिति २०८० फागुन २३ गते एउटा विज्ञप्ती जारी गर्दै हटाएको सूचना थाहा पाएपछि मैले संघको नियमक निकाय जिल्ला प्रशासन कार्यालय काठमाडौंमा उजुरी दिएको छु । त्यस बिषयमा निर्णय आइसकेको अवस्था छैन ।

नेपालको संविधानको मौलिक हक सम्बन्धी धारा १७ मा भएको व्यवस्था तथा उपभोक्ता संरक्षण ऐन २०७५ एवं अन्य प्रचलित कानून विपरित नेपाल रत्न तथा आभुषण संघ (एउटा गैर सरकारी संस्था)ले गहना पसललाई सुन खरिद गर्न नपाउने गरी बन्देज लगाएको निर्णयका विरुद्ध न्यायका लागि सम्मानित सर्वोच्च र उच्च अदालतमा रिट दायर भएको विषय देशभरका सुनचाँदी व्यवसायीमा जानकारी गराउन चाहन्छु । नेपाल सरकारलाई वार्षिक अरबौं रुपैयाँ राजश्व नोक्सान हुनेगरी नेपाल राष्ट्र बैंकबाट जारी भएको सुन खरिद तथा विक्री वितरण सम्वन्धी कार्यविधि २०६८ खारेज गरी देशभरका गहना व्यवसायले स्वतन्त्र रुपमा सुन खरिद गर्न पाउने कानूनी सुनिश्चितताको लागि नेपाल सरकार र सम्वन्धीत निकायको ध्यानाकर्षण गर्न चाहन्छु। मलाई विश्वास छ, सम्मानीत अदालतबाट देशभरका साना तथा मझौला सुन व्यवसायले न्याय पाउनेछन्।

नरेन्द्र कुमार गुप्ता
बरिष्ठ उपाध्यक्ष
नेपाल रत्न तथा आभुषण संघ, काठमाडौं

थप जानकारीको लागी: nkg447@gmail.com


**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगार व्यवसायी संघलाई महासंघ बनाउने तयारी

**■ प्रभाव संवाददाता**




**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई महासंघ बनाउने तयारी थालिएको छ । यसका लागि विधान संशोधन प्रक्रिया अघि बढाउन लागिएको संघले जनाएको छ । संघलाई महासंघ बनाउनुपर्ने व्यवसायीहरूको मागलाई सम्बोधन गर्ने तयारी गरिएको हो ।

वैदेशिक रोजगारसँग सम्बन्धित सबै सरोकारवालालाई समेट्नेगरी संघलाई महासंघमा लैजानुपर्ने आवश्यकता देखिएकाले सोहीअनुरूप तयारी थालिएको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । संघ कार्यसमितिले महासंघमा जाने गरी विधान संशोधनका लागि अध्ययन प्रतिवेदन तयार गर्न महासचिव भुर्तेलकै संयोजकत्वमा एक समितिसमेत गठन गरिसकेको छ ।

'व्यवसायीहरूको माग र आवश्यकता पनि महासंघमा जानुपर्छ भन्ने छ,' उनले भने, 'यसको संरचना कस्तो हुने त्यसमा सबै स्टेक होल्डरसँग छलफल गरेर मात्रै विधान संशोधन गर्ने कुरा आउँछ ।' संघलाई महासंघ बनाउन विधान संशोधनको तयारी गरिरहे पनि अहिलेलाई प्रादेशिक संरचनामा जाने कुनै योजना नभएको महासचिव भुर्तेलले जानकारी दिए । वैदेशिक रोजगारको क्षेत्रमा सक्रिय संस्थालाई अन्य गैरसरकारी संस्थाहरूको जस्तो प्रदेशिक संरचनामा जान सहज नभएको भन्दै उनले अहिलेलाई महासंघ बनाउनेतिर मात्रै केन्द्रित हुने बताए ।

संघले व्यवसायी भलाइका लागि कोष सञ्चालन गर्ने र दुई वर्षमात्रै रहेको कार्यसमितिको कार्यकाललाई थप एक वर्ष बढाएर तीन वर्ष पुऱ्याउनेलगायतका विषयमा सरोकारवालाहरूसँग पनि छलफल भइरहेको उनको भनाइ छ । 'दुई वर्षे कार्यकाल छोटो भएका कारण संस्थागत प्रवर्द्धनमा समय नपुग्ने देखिएकाले कार्यकालको समयावधि थप्नुपर्ने भएको हो,' महासचिव भुर्तेलले भने ।

(क्रमशः पृष्ठ २ मा)

## विभागको फेइम्स सर्भरमा समस्या

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेइम्स) मा समस्या आएको छ । विभागले सोमबार एक सूचना जारी गरी सर्भरमा समस्या आएपछि श्रम स्वीकृतिका सबै काम प्रभावित भएको उल्लेख गरेको छ । समस्या समाधनका लागि प्राविधिक टोलीले काम गरिरहेको जनाउँदै यथाशीघ्र सर्भर सञ्चालनमा ल्याउने प्रयास भइरहेको विभागले जनाएको छ । सर्भरमा आएको समस्याका कारण श्रम स्वीकृति नभई रोजगारीका लागि विदेश जान हवाई टिकट काटेका सेवाग्रही भने प्रभावित बनेका छन् ।

सर्भरमा आएको समस्याका कारण सेवाग्राही प्रभावित हुनुका साथै उनीहरूको टिकटसमेत खेर जाने अवस्था आएपछि आगामी दिनमा सम्बन्धीत व्यक्ति, संस्था वा सरोकारवालाहरूलाई श्रम स्वीकृति भइसकेपछि मात्रै हवाई टिकट पक्का गर्न पनि विभागले आग्रह गरेको छ । फेइम्स सर्भर पुरानो भएको र सेवाग्राहीको चाप धेरै भएका कारण पटक-पटक समस्या आउने गरेको विभागले जनाएको छ । यसअघि पनि सर्भरमा पटक-पटक समस्या आउँदा सेवाग्राही प्रभावित हुने गरेका थिए ।

पृष्ठ १ बाट क्रमशः

### विपक्षीलाई पेलेरै...

'नेपालको संविधानबमोजिम सम्माननीय प्रधानमन्त्रीले विश्वासको मत लिन ३० दिनको समयावधि रहेकोमा विपक्षी दलहरूको मागबमोजिम संसदीय छानबिन समिति गठन गर्नुको साटो पर्याप्त समय हुँदाहुँदै बलमिच्याइँ गरी विश्वासको मत लिने कार्यले संसद्मा विपक्षीलाई स्पेस नदिने र सरकार तानाशाही प्रवृत्तितर्फ उन्मुख भएको यो बैठक ठहर गर्दछ,' कांग्रेसले भनेको छ । कांग्रेसले प्रतिनिधिसभामा देखापरेको दृश्यले सभामुखको भूमिका पदीय गरिमाअनुकूल नभएकोसमेत ठहर गरेको छ ।

#### १८ महिनामा चौथोपटक विश्वासको मत

प्रधानमन्त्री दाहालले चौथोपटक विश्वासको मत पाएका छन् । प्रतिपक्षी दलका सांसदहरूको नाराबाजीका बीच नेकपा एमालेका ७६, माओवादी केन्द्रका ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का २१, एकीकृत समाजवादीका नौ, अशोक राई नेतृत्वको जसपाका सात, नागरिक उन्मुक्ति पार्टीका तीन, जनमत पार्टीका छ, आम आदमी पार्टीका प्रभु साह र स्वतन्त्र सांसदहरू अमरेशकुमार सिंह र योगेन्द्र मण्डलले मत दिए ।

सदनमा भए पनि विरोधमा उत्रिएका सांसदहरूलाई सभामुख घिमिरेले गणना गरेनन् । नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले मत दिन्न भन्ने पक्षमा मत जाहेर गरेका थिए । २०७९ पुस १० गते एमालेको सहयोगमा प्रधानमन्त्री बनेका माओवादी केन्द्रका अध्यक्ष दाहालले १८ महिनामै चौथोपटक विश्वासको मत लिएका हुन् । दाहालले पहिलोपटक २०७९ पुस २६ गते विश्वासको मत पाएका थिए । कांग्रेसले समेत विश्वासको मत दिँदा दाहालले त्यतिबेला २६८ मत पाएका थिए । यसको बदलमा माओवादीले राष्ट्रपतिको निर्वाचनमा कांग्रेसका रामचन्द्र पौडेललाई सघाएको थियो ।

राष्ट्रपतिमा कांग्रेसका पौडेल निर्वाचित भएसँगै एमाले सरकारबाट बाहिरियो । त्यसपछि कांग्रेस सत्ता सहयात्री बन्यो । २०७९ चैत ६ गते दाहालले दोस्रोपटक प्रधानमन्त्रीमा विश्वासको मत मागे । त्यतिबेला दाहालले १७२ मत आफ्नो पक्षमा पाउँदा ८९ मत विपक्षमा परेको थियो । २०८० फागुनमा कांग्रेससँगको गठबन्धन तोडिएपछि तेस्रोपटक गत फागुन ३० गते दाहालले विश्वासको मत लिए । त्यतिबेला दाहालले १५७ मत पाएका थिए । सोमबार उनको विपक्षमा एक मत मात्रै परेको छ ।

यसपटक उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल फुटेसँगै दाहालले पुनः विश्वासको मत लिनुपरेको हो । वैशाख २४ गते जसपा फुटेसँगै उपेन्द्र यादवले वैशाख ३१ गते मन्त्रीबाट राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । सरकारमा सहभागी कुनै दलले समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्रीले पुनः विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

#### कांग्रेसलाई प्रधानमन्त्रीको धम्की

विश्वासको मत लिने प्रक्रिया अवरुद्ध पारेपछि प्रधानमन्त्री दाहाल कांग्रेससँग असन्तुष्ट सुनिए । एमालेका उपाध्यक्ष पौडेल बोल्नासाथ रोस्ट्रम पुगेर दाहालले कांग्रेसले गलत काम गरेको आरोप लगाए । 'कांग्रेसले आज बहुतै गलत गऱ्यो । जुन प्रधानमन्त्रीले पटक-पटक साथ दियो, जुन प्रधानमन्त्रीले तपाईंहरूलाई संवाद र सहमतिको बाटोमा ल्याउन काम गरेको छ । तर तपाईंहरूले आज उही प्रधानमन्त्रीलाई विश्वासको मतमा रोक्नुभयो, मलाई अवरोध गर्नुभयो,' दाहालले भने ।

कांग्रेसले यसको ठूलो मूल्य चुकाउनुपर्ने धम्कीसमेत प्रधानमन्त्री दाहालले दिए । 'तपाईंहरूको यो गतिविधि नेपालको इतिहासमा कलंकका रूपमा रहने छ । कांग्रेसका लागि यो मूल्य चर्को पर्ने छ । यो गतिविधि इतिहासमा राम्रैसँग कलंकको रूपमा स्थापित हुने छ,' दाहालले भने । मूल्य चुकाउनुपर्ने विषयमा पत्रकारहरूले प्रश्न गरेपछि दाहालले त्यो चुनावमा देखिने बताएका थिए ।

प्रधानमन्त्रीलाई समर्थन गर्न रोस्ट्रम पुगेका एमाले उपाध्यक्ष पौडेलले सरकार बदल्ने कांग्रेसको प्रयास माकुराको जालोझैं च्यातिएको तर्क गरे । 'अहिलेको अवस्था स्थायित्वको लागि हो । तर यसबीचमा सरकारलाई कमजोर पार्ने, पर्दाभित्रबाट सरकार बदल्ने खालका कोसिस पनि भए । त्यो कोसिस माकुराको जालोजस्तो च्यातियो । सरकार ढाल्ने प्रयास माकुराको जालजस्तो च्यातिएपछि त्यसका प्रतिक्रिया प्रतिनिधिसभामा देखिएका छन्,' पौडेलले भने, 'कांग्रेसको यो प्रतिक्रियाका कारणहरू हामीले महसुस गर्न सक्छौं । यो बेचैनी किन भइरहेको छ भन्ने अनुमान गर्न सक्छौं ।'

■■■

### कांग्रेसको तयारी...

सरकारले जेठ १५ गते अनिवार्य बजेट ल्याउनुपर्ने हुन्छ । यही मौकामा दाहाल सरकारलाई अप्ठेरोमा पार्ने तयारी कांग्रेसले गरेको छ । त्यसैगरी आफ्नो दलमाथि जथाभावी आरोप लगाइएकोले गृहमन्त्रीको राजीनामासमेत माग्ने तयारी कांग्रेसले गरेको छ । यसैबीच कांग्रेस उपसभापति धनराज गुरुङले गृहमन्त्रीको आरोपबारे छानबिन गरी लामिछानेलाई कारबाही गर्न सभामुख देवराज घिमिरेसमक्ष निवेदनसमेत बुझाएका छन् ।

'देशको गृहमन्त्रीले अनैतिकरूपमा तथ्यहीन कुरा गर्दा संसद्को अवहेलना हुन पुगेको छ । उहाँले बोलेका कुराहरू पुष्टि गर्न म उहाँलाई चुनौती दिन चाहन्छु । यदि पुष्टि नभए उहाँमाथि कारबाही माग गर्दछु,' गुरुङको निवेदनमा उल्लेख छ । गृहमन्त्री लामिछानेले आइतबार आफूमाथि उठेको आरोपको खण्डन गर्ने क्रममा कांग्रेस नेताहरू विभिन्न प्रकरणमा जोडिएको आरोप लगाएका थिए । गुरुङ रातो पासपोर्ट दुरूपयोग प्रकरणमा मुछिएको प्रसंग लामिछानेले निकालेका थिए । त्यसैगरी कांग्रेस महामन्त्री गगन थापामाथि बाख्रापालनका नाममा कृषि अनुदान दुरूपयोग गरेको, रामहरि खतिवडामाथि रोलेक्स घडी चोरेको विषय कोटयाएका थिए ।

गृहमन्त्री लामिछानेले भने आफूले कसैलाई आरोप नलगाएको दाबी गरेका छन् । 'मैले कसैलाई कुनै आरोप लगाएको छैन । मिडियामा आएकै आधारमा समिति बनाउने र अझ व्यक्ति केन्द्रित समिति बनाउने हो भने त यी यस्ता-यस्ता समाचार पनि आएका छन् नि भनेर सदनमा सुनाएको हुँ,' लामिछानेले सामाजिक सञ्जाल ट्वीटरमार्फत भनेका छन् ।

■■■

### सत्तापक्षको बलजफ्तीमा...

सोमबार प्रतिनिधिसभा बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रमुख सचेतक शाहीले प्रतिनिधिसभा बैठकमा सभामुख घिमिरेले सभामुखको रूपमा भूमिका निर्वाह नगरेको दाबी गरे । उनले सभामुखलाई सभामुखको रूपमा कुर्सीमा बसेको नदेखेर पार्टी कार्यकर्ताको रूपमा कुर्सीमा देखेको टिप्पणी गरे । 'हामीले सभामुख देखेनौं । कुर्सीमा बसेको मान्छे देख्यौं । कुनै पार्टीको कार्यकर्ता देख्यौं । सभामुखले संसद्मा उपस्थित भएको संख्याको पनि गलत टिप्पणी सार्वजनिक गर्नुभएको छ, यो ठूलो गल्ती हो,' शाहीले भने, 'संसद्मा नेपालको इतिहासमा नै पहिलोपटक होला कि संसद्मा यसरी प्रमुख प्रतिपक्षीलगायत अन्य प्रतिपक्षीले हामीले विश्वासको मत मान्दैनौं भन्दै गर्दा सभाबाट जबर्जस्ती गरेको ।'

उनले सभामुख घिमिरेलाई सभामुख हो वा अमुक पार्टीको कार्यकर्ता हो भनी प्रश्नसमेत गरे । बैठकमा प्रमुख प्रतिपक्ष दललगायतका अन्य प्रतिपक्ष दलहरूले अवरोध गर्दागर्दै प्रधानमन्त्रीले विश्वासको मत लिनुले पनि सभामुखको भूमिकाप्रति प्रश्न उठेको बताए । 'सभामुखज्यूलाई भन्छु तपाईं सभामुख हो कि अमुक पार्टीको कार्यकर्ता हो ? यो प्रश्नचिह्न खडा भएको छ,' उनले भने, 'जबकि हाम्रो उपस्थितिलाई सम्म त्यहाँ गणना गरिएको छैन । यसरी पनि गर्न मिल्छ ? यो कहाँको न्याय हो ?' उनले प्रतिपक्षी दलहरूको साझा निष्कर्ष नै सभामुखको भूमिका सभाभुखको जस्तो नभएको रहेको बताए ।

सभामुखको भूमिकालाई लिएर प्रश्न उठेको यो पहिलोपटक भने होइन । यसअघिका सभामुख अग्निप्रसाद सापकोटा, सुवासचन्द्र नेम्बाङ, कृष्णबहादुर महरा, तारानाथ रानाभाट, रामचन्द्र पौडेललगायतविरुद्ध पनि प्रश्न उठेका थिए । सापकोटा सभामुख हुँदा उनी माओवादीतर्फ ढल्किएको आरोप लाग्यो । उनले कांग्रेस-एमालेको चाहनाअनुसार अमेरिकी सहयोग परियोजना (एमसिसी)लाई संसद्मा टेबुल गर्न आनाकानी गरे । उनी माओवादी नेता हुन् । पार्टी अध्यक्ष दाहालको निर्देशनअनुसार उनले सभामुखको भूमिकाबाट कार्यसम्पादन गरेको भन्दै उनको तटस्थतामाथि प्रश्न उठाइएको थियो ।

माओवादीबाट सभामुख भएका कृष्णबहादुर महराले पनि एमाले अध्यक्ष केपी शर्मा ओलीले बढाउन चाहेको एमसिसी संसद्मै रोकेका थिए । जसले उनको तटस्थता उदांगो भयो । माओवादीबाट सभामुख भएका यी दुवैको भूमिकालाई लिएर अहिले पनि आलोचना हुँदै आएको छ । एमालेबाट सभामुख भएका नेम्बाङले पहिलो संविधानसभा विघटन एमालेको इशारामा गरेको भन्दै आलोचना खेप्नुपऱ्यो । कांग्रेसबाट सभामुख भएका पौडेलदेखि तारानाथ रानाभाट पनि कांग्रेसतिरै पूरै ढल्केको भन्दै टिप्पणी भएको थियो ।

सन्तुलित ढंगले सदनको नेतृत्व प्रदान गरेका पूर्वसभामुख दमननाथ ढुंगाना पछिल्ला सभामुखहरू सदनको नेता हुनै नसकेको बताउँछन् । यस्तै भए सदनप्रति नै विश्वसनीयता गुम्न सक्ने उनको चिन्ता छ । 'कस्तो खालको भन्ने सभामुख ? पछिल्ला सभामुखहरू दलको रिमोट कन्ट्रोलबाट चल्छन्,' उनले भने, 'सदनचाहिँ चलाउन सक्दैनन् ।'

सभामुखले दलीय आस्थालाई संसद्को काम कारबाही अघि बढाउँदा झल्काउन नहुने संसदीय मान्यता छ । त्यसो गरिए सदनको विश्वास सभामुखप्रति नहुने ठानिन्छ । त्यसकै लागि भनेर सभामुख हुनेबित्तिकै पूर्ववर्ती दलसँगको संलग्नताबाट अलग पार्ने गरिन्छ । यद्यपि, सभामुखहरू पक्षपातपूर्ण ढंगले अघि बढेको देखिने गरेको छ ।

यस्तो प्रदेश संसद्हरूमासमेत भइरहन्छ । गण्डकी प्रदेशमा माओवादीबाट सभामुख भएका कृष्णप्रसाद धिताल एमालेका खगराज अधिकारी मुख्यमन्त्रीको दाबेदार हुँदा निर्णायकजस्तै भूमिकामा देखिए । यसबारे मुद्दा सर्वोच्चमा विचाराधीन छ । कोशी प्रदेशमा पनि तत्कालीन सभामुख बाबुराम गौतमको भूमिका तटस्थ थिएन । किनभने उनको हस्ताक्षरसहित सरकार गठका लागि बहुमत पुगेको धक्कु तत्कालीन कांग्रेस-माओवादी गठबन्धनले लगाएको थियो । तर, अन्तिममा सर्वोच्च अदालतले सरकार गठनको सन्दर्भमा सभामुखको गणना नहुने फैसला गरेको थियो । यसरी प्रदेशदेखि संघीय संसद्सम्मका सभामुखको भूमिकालाई लिएर सर्वत्र आलोचना भइरहेको छ । पूर्वसभामुख ढुंगानाले भनेजस्तै सभामुखहरू सदनको नभई पार्टीको नेता बन्द यो अवस्था आएको हो ।

■■■

### वैदेशिक रोजगार...

हाल संघको अध्यक्ष बन्न एक कार्यकाल पदाधिकारी भएकै हुनुपर्ने विधानको प्रावधान छ । उक्त प्रावधानले योग्य व्यक्तिलाई संघको नेतृत्वमा आउन बन्देज लगाइएको भन्दै संशोधन गर्नुपर्ने व्यवसायीहरूले माग गर्दै आएका छन् । उल्लिखित सबै विषयमा आवश्यक मस्यौदा तयार भएपछि सम्पूर्ण व्यवसायीलाई इमेलमार्फत पठाएर राय सुझाव लिएर अन्तिम रूप दिने महासचिव भुर्तेलले बताए । यद्यपि संघको विधान संशोधन गर्ने र महासंघमा लैजाने प्रयास यसअघि पनि नभएको होइन । तत्कालीन तदर्थ कार्यसमितिले निवर्तमान महासचिव सुजित श्रेष्ठको संयोजकत्वमा विधान संशोधनको प्रयास गरे पनि उपलब्धिपूर्ण हुन सकेन ।


**निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको सूचना**

मिति २०८०/१२/२५ गते कलंकी देखि कालीमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नामः गिता बल्लभ नेपाल
फोनः ९८४३७४३८६३
ठेगानाः विरेन्द्रनगर-१, चितवन
व्य. नं. : १५६६०२
दर्ता नं.: ३११
अधिकार पत्र नं : ५८१२८१
दर्जा : जम.क
यूनिट : श्री उपत्यका प्रतना हे.क्वा.
अवकाश मिति : २०७०/०५/०२
हकवालाको नामथर : विनिता नेपाल



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०२/०८ गते)

शिवहरि खकुरेलको नाती, नरहरि खकुरेलको छोरा, गोपाल प्रसाद खकुरेल काभ्रेपलान्चोक जिल्ला पांचखाल न.पा वडा नं ११ घर भई हाल जिल्ला काभ्रेपलान्चोक गा.पा. वडा नं. ११ बस्ने गोपाल प्रसाद खकुरेलको मिति २०७७/१०/०७ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चावहिल शाखामा रहेको बचत खाता ०१९००१२९६२४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमती खोकलक्ष्मी खकुरेलले यस बैंक शाखा चावहिलमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चावहिल, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चावहिल, काठमाडौं फोन नं. ०१-४५९०९७८/४५७४२९९



सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
बैतडी

**बोलपत्र कारवाही रद्ध सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८१/०२/०८)

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०८०/०९/०६ गते मा e-bid तथा "प्रभाव दैनिक" राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार सि.नं. ४ contract ID : IDOBTD/NCB/W/R/04/080-081 "Construction and upgrading of Dudilakhan Gajari road, sigas RM'' बैतडीको बोलपत्र सम्बन्धी सम्पूर्ण कारवाही विशेष कारणवश रद्द गरिएको सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

कार्यालय प्रमुख



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०३/२३ मा दर्ता भएको प्रा.लि. नं. १३६८४२/०७१/०७२ को लाभा इन्टरप्राइजेज प्रा.लि. को मिति २०८१/०२/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९



**तु-आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. PRO- 4 (M/F) SAUDI SPECIAL

नोटः +2 pass, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

WORKFORCE SERVICES PVT. LTD.
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Mobile: 9802010315
Email.: workforcegaurav@gmail.com, Web Site : wwww.workforce.com.np



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०२/०८ गते)

गोकुल प्रसाद अधिकारीको नातीनी, ईन्द्र विलास अधिकारी/नेत्र कुमारी अधिकारीको छोरी, ज्योतीलाल पएनीको श्रीमती नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला, देवचुली नगरपालिका वडा नं. १० बस्ने हरि माया अधिकारीको मिति २०८०/१०/१८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको प्रगतीनगर शाखामा रहेको हरि माया अधिकारी को खाता नं.१०५००५३०२६९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको श्रीमान ज्योतीलाल पएनीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय प्रगतीनगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय प्रगतीनगर, नवलपरासी (ब.सु.पु) फोन नं. ०७८-५७५००५




**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०२/०८ गते)

धनजिते सुनारको बुहारी,जोग गिरी चदारोको छोरी, दल सुनारको पत्नी कञ्चनपुर जिल्ला, दोधारा चाँदनी न.पा वडा नं ०१ (साबिक कञ्चनपुर जिल्ला, दोधारा चाँदनी न.पा वडा नं. ७) बस्ने कन्तरीदेवी सुनारको मिति २०८०/१२/२३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चाँदनी दोधारा शाखामा रहेको बचत खाता नं.०६४०२९४४०४९००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाका बुहारी ज्योती सुनारले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय चाँदनी दोधारामा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनामार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चाँदनी, दोधारा फोन न. ०९९-४०००01


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


जेठ ०८ गते २०८१, मंगलबार

| | |
|---|---|
| मेष | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| वृष | काम प्रारम्भ गर्न सकिनेछ । |
| मिथुन | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| कर्कट | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| सिंह | व्यवसायिक काममा फाइदा हुनेछ । |
| कन्या | रोकिएका काम दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । |
| तुला | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| वृश्चिक | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| धनु | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |
| मकर | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| कुम्भ | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| मीन | बोलिको माध्यमले काम सम्पन्न हनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ ०८ गते, २०८१, २१ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४४.६४ | १४५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९७ | १६९.७४ |
| स्विस फ्रेन्क | १ को | १४६.३४ | १४७.०० |
| अस्ट्रेलियन डलर | १ को | ८९.०४ | ८९.४५ |
| क्यानाडियन डलर | १ को | ९७.७४ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९८.८७ | ९९.३१ |
| जापानी येन | १० को | ८.५५ | ८.५९ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.४७ | ३५.६३ |
| कतारी रियाल | १ को | ३६.४९ | ३६.६६ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३८ |
| मलेसियन रिङेट | १ को | २८.३८ | २८.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८३ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १७.०५ | १७.१३ |
| कुवेती दिनार | १ को | ४३३.१७ | ४३५.१३ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ ।



**दरबार हाईस्कुल** | काठमाडौंको जमलस्थित देशकै पुरानो विद्यालय दरबार हाईस्कुल। २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको यस विद्यालय चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा पुनर्निर्माण गरिएको हो। *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# गर्मीले जनजीवन कष्टकर

**सुदूरपश्चिम (प्रस)**– पछिल्ला केही दिनदेखि बढेको गर्मीले कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ। गर्मीका कारण दैनिक काम गर्न र हिँड्डुल गर्न कठिन भएको छ। धनगढीको अधिकतम तापक्रम ४२ डिग्रिसेल्सियस पुगेको छ। गर्मीले मजदुर वर्ग, वृद्धवृद्धा र स्कुले बालबालिका बढी प्रभवित भएका छन्। गर्मी बढेसँगै बजार क्षेत्र दिउँसो सुनसान हुन थालेको छ।



'गर्मी बढेसँगै दिनमा १०/१२ पटक विद्युत् आउनेजाने भइरहेको छ, विद्युत् गएपछि पंखा चलाउन नपाउँदा झन् गाह्रो हुन्छ,' धनगढीका स्थानीय भूमिराज अवस्थीले भने। गर्मीले धनगढीका अस्पतालमा पखाला, वान्ता, ज्वरो र टाइफाइडका बिरामीको संख्या बढेको सेती प्रादेशिक अस्पतालका डा. प्रदीप मिश्रले जानकारी दिए।

मध्याह्नमा तातो हावा चल्ने गरेकाले यसबाट बालबालिकालाई जोगाउन र झोलिलो खानेकुरा खुवाएर शरीरमा तरल पदार्थको मात्रा बढाउन डा मिश्रले सल्लाह दिए। मौसमअनुसार सागपात र फलफूल सेवन गर्ने, सडेगलेका, बासी र जथाभावी राखिएका खानेकुरा नखान पनि चिकित्सकको सुझाव छ।

# कामपामा न्यायसंवाद कार्यक्रम सुरु

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिका (कामपा)ले न्यायसंवाद कार्यक्रम सुरु गरेको छ। कामपाको न्याय निरूपणका बारेमा जानकारी दिने मुख्य उद्देश्यका साथ उक्त कार्यक्रम सुरु गरिएको कामपाले जनाएको छ।



कामपाको सूचना अधिकारी वसन्त आचार्यका अनुसार न्यायिक समितिको निर्णयअनुसार प्रत्येक वडामा रहेको वडा महिला सञ्जाल रहेकाले उक्त सञ्जालमार्फत न्याय संवाद कार्यक्रम सुरु गरिएको हो। यस कार्यक्रमको मुख्य उद्देश्य कामपाले कस्ता-कस्ता किसिमका न्याय निरूपणको काम गर्छ, कुन विषयसँग सम्बन्धित न्याय पाउनका लागि केन्द्रमा जाने, कुन विषयको न्याय वडामार्फत नै हुन्छ भन्नेबारे नागरिकलाई जानकारी दिनु रहेको सूचना अधिकारी आचार्यले बताए।

कामपामा के-कस्ता कानुन रहेका छन्, वडाबाट कुन-कुन कानुनी सेवा प्राप्त हुन्छ, उजुरीहरू कहाँ दर्ता गर्ने, अन्यायमा पर्दा कुन विषय लिएर महानगरमा आउने र कुन विषयका बारेमा प्रहरीसमक्ष जाने, कुन विषयमा अदालत जाने र समग्र कामपाले दिने सेवाका बारेमा जानकारी दिनका लागि कार्यक्रम थालिएको सूचना अधिकारी आचार्यले जानकारी दिए। उनका अनुसार कार्यक्रम वडा १५ बाट सुरु भइसकेको छ।

कामपामा रहेका ३२ वटै वडामा यो कार्यक्रम विस्तार गर्ने तयारी गरिएको आचार्यले जानकारी दिए। 'न्यायलाई अहिले स्थानीयकरण गरेकाले पनि नागरिकलाई समग्रपक्षका बारेमा जानकारी दिनु आवश्यक छ,' उनले भने, 'अहिले वडामा नै मेलमिलाप केन्द्र, मेलमिलाप सहजकर्ता तथा न्यायिक सहजकर्ता छन्।'

विवाद सिर्जना हुनबाट बचाउनका लागि सचेतना कार्यक्रम, सिर्जना भएका विवादलाई परिवार र टोलमै मिलाउन प्रोत्साहन, यहाँबाट मिल्न नसकेको विवाद वडाको महिला सञ्जालमै मिल्न सकुन्। यसबाट दुवै पक्षले लाभ पाउन सकुन् भन्ने अभिलाषा राखेर कामपाले यस कार्यक्रम थालेको हो। महिला सञ्जालले लिखित र मौखिक दुवै प्रकारका विवाद ग्रहण गर्ने गरेको कामपा महिला सञ्जालकी संयोजक मैयाँलक्ष्मी महर्जनले बताइन्। उनले भनिन्, 'प्रकृतिका आधारमा मेलमिलाप गराउने वा नगराउने निर्णय गर्छौं।'

महर्जनका अनुसार वडामा आउने विवादमा, जग्गा मिचेको, कोठा खाली गराउनुपर्ने, अदालत वा महानगरपालिकाले गरेको फैसला कार्यान्वयन गराइ पाउन, लेनदेन व्यवहार, पारिश्रमिक दिलाइ पाउने, व्यावसायिक क्रियाकलापले बस्तीमा असर गरेको, सम्बन्धविच्छेद, पारिवारिक विवाद, छिमेकीले कानुन मिचेर झ्याल राखेकोलगायत रहेका छन्।

# देशभर १४ प्रतिशत स्वास्थ्य उपकरण जडान भएनन्

**काठमाडौं**– मुलुकका संघीय अस्पतालमा आएका उपकरणमध्ये १४ प्रतिशत जडान नै नगरिएको पाइएको छ। स्वास्थ्य सेवा विभागले लाइफलाइन इन्टरप्राइजेजसँगको सहकार्यमा गरेको 'नेपालका सार्वजनिक स्वास्थ्य संस्थामा बायोमेडिकल उपकरणको सर्वेक्षण' सार्वजनिक कार्यक्रममा इन्टरप्राइजेजकी अध्यक्ष अञ्जली टिबरिवालले दुई हजार ६४५ स्वास्थ्य उपकरण अझै जडान नगरिएको जानकारी दिइन्।

उनका अनुसार बागमती, कोशी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेशका ११ अस्पतालमा गरिएको सर्वेक्षणमा एक हजार ८२३ उपकरण बिग्रेका छन्। गत कात्तिकदेखि चैतसम्ममा ती अस्पतालमा १९ हजार १७४ उपकरणको अवस्थाका बारेमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा एक हजार ७४ उपकरण राम्रा रहे पनि प्रयोगमा नआएको देखिएको पाइएको सर्वेक्षणका बायोमेडिकल इञ्जिनियर भाष्कर रिजालले जानकारी दिए।

'कोरोना भाइरसको बेला आएका उपकरण अहिले त्यत्तिकै थन्किएर रहेका छन्,' उनले भने, 'पहिला कोरोनाकालमा प्रयोग भएका ती उपकरण अहिले बिरामी नभएपछि त्यत्तिकै प्रयोगमा आएका छैनन्।' यस्तै, सर्वेक्षणमा ती अस्पतालमा रहेका तीन सिटी स्क्यान मेसिन बिग्रेर थन्किएका छन्।

बायोमेडिकल इञ्जिनियर रिजालका अनुसार वीर अस्पताल, नेपाल सशस्त्र प्रहरी बल अस्पताल र कोशी अस्पतालमा रहेका सिटी स्क्यान मेसिन बिग्रेका छन्। ती सिटी स्क्यानका अधिकांशको चार्जर बोर्ड, ब्याट्री, टेबल बिग्रेको उनले बताए। उनले कोशी अस्पतालको सिटी स्क्यान बनाउन धेरै नै खर्च लाग्ने भएकाले नबनाउन आग्रहसमेत गरिएको बताए।

'कोशी अस्पतालको सिटी स्क्यान पुरानो र मर्मत गरेर सञ्चालन गर्न धेरै खर्च लाग्ने भएकाले नबनाउन सुझाव दिएका छौं,' उनले भने, 'वीर र नेपाल सशस्त्र प्रहरी बल अस्पतालको सिटी स्क्यान चलाएर बिरामीको उपचारमा प्रयोग गर्न सकिन्छ।'

वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले अस्पतालमा बिग्रिएका स्वास्थ्य उपकरणको मर्मत गरेर सञ्चालन गर्नका लागि बायोमेडिकल इञ्जिनियर नभएको बताए। 'हामीले पटक-पटक बायोमेडिकल इञ्जिनियर चाहियो भनेर सरकारलाई भनेको छौं,' उनले भने, 'तर सरकारले अहिलेसम्म एकजना पनि बायोमेडिकल इञ्जिनियर पठाउन सकेको छैन, अहिले हामीले बायोमेडिकल प्राविधिकको सहयोगमा स्वास्थ्य उपकरणको परीक्षण गरिरहेका छौं।'

स्वास्थ्य सेवा विभागकी महानिर्देशक डा. संगीता मिश्राले सरकारले स्वास्थ्य उपकरणको मर्मतका लागि कम बजेट विनियोजन गर्ने भएकाले मर्मतमा समस्या भएको बताइन्। उनले सातवटा प्रदेशमा स्वास्थ्य उपकरण मर्मतका लागि केन्द्र स्थापनाको तयारी भइरहेको जानकारी दिइन्। विभागको व्यवस्थापन शाखाका निर्देशक डा. श्रवण थापाले नचलेका ठाउँका उपकरण चलाउने ठाउँमा पठाउने काम भइरहेको बताए। *रासस*


**पुनर्वास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुनर्वास, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०८)**

यस कार्यालयबाट मिति २०८०/१२/२२ गते राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान सम्बन्धि प्रकाशित सूचना अनुसार रितपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| ठेक्का नं. | बोलपत्रदाताको नाम | आयोजनाको नाम | बोलपत्रदाताले कबोल गरेको रकम रु. |
|---|---|---|---|
| ०१/२०८०/०८१ | परासन बिज वृद्धि कृषक समूह, पु.न.पा - ८ | ५० प्रतिशत अनुदानमा उन्नत धानको बिउ वितरण कार्यक्रम | ६,४००/- प्रति क्विन्टल |

**प्रमुख प्रशासकीय अधिकृत**



**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**त्रिशुली अस्पताल**
**बागमती प्रदेश**
**बिदुर, नुवाकोट, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/०२/०८**

उपरोक्त सम्बन्धमा यस त्रिशुली अस्पतालद्धारा मिति २०८०/१२/०६ गते प्रकाशन गरिएको विद्युतीय खरिद बोलपत्र गरेको ठेक्का नं. TH/GOODS/RASAN-12/80/81 को Vharna Vhayeka Biramiko lagi Nisulka Rasan at Trishuli Hospital को लागि रितपूर्वक विद्युतीय खरिद प्रणालीमा सहभागी भई यस कार्यालयको मुल्यांकन समितिको सिफारिसले प्राविधिक र आर्थिक रुपमा मूल्यांकन गर्दा रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरु मध्येबाट मुल्यांकन समितिको सिफारिसको आधारमा तपशिल बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | स्वीकृतको बोलपत्रको नाम र ठेगाना | जम्मा कबोल रकम (भ्याट बाहेक) | कै. |
|---|---|---|---|---|---|
| १ | TH/GOODS/RASAN-12/80/81 | Vhara Vhayeka Biramiko lagi Nisulka Rasan at trishuli hospital | कर्मासँग सप्लायर्स बिदुर-८ नुवाकोट | रु २९,३५,६२०/- (अक्षरुपी उनन्तीस लाख पैंतीस हजार छ सय बीस मात्र) | |

**निमित्त अस्पताल निर्देशक**
**त्रिशूली अस्पताल**



**Musikot Municipality**
**Office of the Municipal Executive**
**Musikot, Rukum (West)**
**Karnali Province, Nepal**

**INVITATION FOR ONLINE BIDS**

***Date of Published : 2081.02.08 B.S. (2024.05.21 A.D.)***

Office of the Musikot Municipal Executive, Rukum (West) invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically, 12.00 O'clock | Date of Bid Opening, 13.00 O'clock | Bid Security, Nrs | Account Details | Estimated Amount, NRs. (Without VAT) |
|---|---|---|---|---|---|---|---|
| SQ/MM/Ruk.W/G_080/081/04 | Supply and Delivery of Electronic Goods for E library | 1000.00 | 2081.02.24 B.S. 2024.06.06 A.D. | 2081.02.24 B.S. 2024.06.06 A.D. | 25000.0 | Internal Revenue : 07703000001001000001 Shirshak : 14229 Dharauti : 07703000003000000001 | 845898.20 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# लगानीमैत्री बजेटको आवश्यकता



▸▸ चन्द्रप्रसाद ढकाल

> अर्थतन्त्रको बाह्य क्षेत्र सकारात्मक भए पनि मूलतः आन्तरिक मागमा आएको कमीका कारण देखिएको समस्या समाधान गरी दिगो र उच्च आर्थिक वृद्धि गर्नु बजेटको मुख्य उद्देश्य हुनुपर्छ । अर्थतन्त्र पुनःरूत्थान गर्न र औद्योगिक क्षमता अभिवृद्धि गर्न, चरणबद्ध सुधार योजना अघि सार्नुपर्दछ । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याइरहेको निजी क्षेत्रको सहभागितामा नयाँ चरणको आर्थिक पुनःसंरचनाको घोषणा गर्नुपर्छ ।

औद्योगिक उत्पादनमा कमी र लगानीकर्ताको विश्वासमा कमीका कारण नेपालमा आर्थिक शिथिलता गहिरिँदै गएको छ । माग र लगानीको कमीले उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । यसका पछाडि सरकार तथा उपभोक्ताको खर्च मुख्य रहेको छ ।

विशेषगरी कोभिड-१९ महामारी र त्यसयता लिइएका केही नीतिगत व्यवस्थाका कारण समस्या गहिरिएको हो । साथै देशबाट युवा वर्गको उच्च मात्रामा भइरहेको पलायनले पनि मुख्य भूमिका खेलेको छ भन्न सकिन्छ । कलकारखाना पूर्ण क्षमतामा नचल्दा रोजगारी र समग्र आर्थिक उत्पादकत्वमा प्रत्यक्ष असर परेको त स्पष्ट नै छ । चालु आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत र उत्पादकको मूल्यमा तीन प्रतिशत हुने राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान रहेको छ ।

आन्तरिक उपभोगमा मुख्य योगदान गर्ने मध्यमवर्गका युवाहरू रोजगारीको अवसरको खोजीमा विदेशिएका छन् । यसबाट स्थानीय श्रम बजारमा अवसर नै नभएको भन्ने नकारात्मक भाष्यसमेत निर्माण भइरहेको छ । यहाँभन्दा थोरैमात्र बढी पारिश्रमिक पाउने कामका लागिसमेत युवाहरू विदेशिइरहेको अवस्थामा आन्तरिक उद्योग-व्यवसायमा दक्ष तथा अर्धदक्ष श्रमिक/मजदुर नै नपाउने स्थिति बनिरहेको छ ।

विदेशमा काम गर्ने नेपालीहरूको रेमिटचान्सले विदेशी मुद्रा र घरायसी आम्दानीको महत्त्वपूर्ण स्रोत प्रदान गरिरहँदा बाहय क्षेत्रले केही सकारात्मक संकेतहरू देखाएको छ । तर यसले बजारमा अपेक्षित उपभोग नबढ्दा समग्र व्यापार चक्रमा सुधार भएको छैन । नेपालको निर्यात आधार साँघुरो छ भने अन्तर र्ष्ट्रिय बजारमा कडा प्रतिस्पर्धाको सामना गरिरहेको छ । सूचना प्रविधि क्षेत्रको सेवा व्यापार निर्यातमा केही सुधार देखिए पनि यसमा अझै नीतिगत अन्योल देखिन्छ । यसरी समग्र व्यापार असन्तुलनले देशको समग्र औद्योगिक वातावरणमै असर पारिरहेको छ ।

दोस्रो कुरा देशभित्र लगानीको स्तर घटेको छ । कूल गार्हस्थ उत्पादन (जिडिपी) र रोजगारीमा ठूलो योगदान दिने निजी क्षेत्र पनि यतिबेला विविध कारणले प्रभावित भएको अवस्था छ । निजी क्षेत्रको मनोबल घट्दै गइरहेको छ । अनिश्चित आर्थिक अवस्था र उच्च सञ्चालन लागतले व्यावसायिक आत्मविश्वासमा ह्रास ल्याएको छ । उता अप्रत्याशित आर्थिक वातावरण र बारम्बार भइरहने नीति परिवर्तनका कारण लगानीकर्ताहरूसमेत दिल खोलेर लगानी गर्नुअघि धेरै पटक सोच्न थालेको अनुभव सुनाउन थालेका छन् । सरकारको राजस्व उठाउने क्षमता खुम्चिएको छ । सार्वजनिक खर्च कमजोर हुँदा त्यसले समग्र आर्थिक चक्रमै असर पारिरहेको छ । यी आन्तरिक तथा बाहय कारणबाट उत्पन्न चुनौतीहरूलाई सम्बोधन नगरी अर्थतन्त्रलाई पुनःरुत्थान गर्न सम्भव छैन । त्यसैले यसका लागि नेपाल सरकारले बजेटमार्फत स्पष्ट प्रभावकारी नीतिहरू तर्जुमा गर्न आवश्यक देखिन्छ ।

यी चुनौतीहरूलाई मध्यनजर गर्दै बजेटले लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्ने, मागलाई प्रोत्साहन गर्ने र दिगो आर्थिक वृद्धि सुनिश्चित गर्नेतर्फ केन्द्रित हुनुपर्छ । नेपाल उद्योग वाणिज्य महासंघको ५७औं वार्षिकोत्सवको उद्घाटन सत्रलाई सम्बोधन गर्दा तत्कालीन आर्थिक शिथिलताबाट बाहिर निस्कन मैले अहिलेका लागि मुख्यतया यी पाँचवटा विषय उठाएको थिएँ ।

***पहिलो-*** *वर्तमान आर्थिक संकट समाधानको रणनीति तयार गर्ने,*
***दोस्रो-*** *लगानीको वातावरण बनाउने,*
***तेस्रो-*** *राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने,*
***चौथो-*** *दक्ष जनशक्ति उत्पादन र रोजगारी सिर्जना गर्ने र*
***पाँचौं-*** *व्यवसायीहरूको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने ।*

वास्तवमा हामीले यिनै विषयहरूमा नै निरन्तर रूपमा पैरवी गर्दै आएका पनि छौं । बागलुङको ढोरपाटनमा सम्पन्न महासंघको तेस्रो कार्यकारिणी समितिको बैठकले तत्कालीन आर्थिक समस्याको समाधानका लागि राष्ट्रिय आर्थिक बहसको आयोजना गर्ने निर्णय गरेका थियौं र त्यसलगत्तै असोजको तेस्रो साता काठमाडौंमा आयोजना पनि गर्‍यौं । अर्थतन्त्रका सबै सरोकारवालाहरूको उपस्थितिमा गरिएको सो राष्ट्रिय आर्थिक बहसको निचोड पनि अर्थतन्त्र अप्ठेरो अवस्थामा रहेकाले सरकार र सरोकारवाला निकायबाट यथोचित नीति अख्तियार होस् र आर्थिक एजेण्डामा सबैको मतैक्य होस् भन्ने नै थियो ।

त्यसपछि सरकारले पनि हाम्रो यही एजेण्डामा सहमत हुँदै सर्वदलीय आर्थिक बहसको आयोजना गर्‍यो र त्यसमा प्रधानमन्त्रीले मुलुकका उद्योगी, व्यवसायी एवं समग्र निजी क्षेत्रका प्रतिनिधिहरूसँग उनीहरूको आवाज र आवश्यकता पनि सुन्नुभएको थियो । यसरी निजी क्षेत्रले रोगको पहिचान गरेर त्यसको निदानका लागि आवश्यक औषधि पनि सिफारिस गरेकाले बिस्तारै निजी क्षेत्रको आवाज राज्यले सुन्न थालेको महसुस पनि भएको छ । नेपाल राष्ट्र बैंकले बैंक दर, नीतिगत दर सहजीकरण गर्दै बैंकको ब्याजदर घटाउँदै पनि आएको छ । अर्थ मन्त्रलयले हामीसँग निरन्तर छलफल अघि बढाएको छ । लगानी सम्मेलनको मुखैमा भएका केही कानुनको संशोधन र द्विपक्षीय लगानी सम्झौताको खाकाको अनुमोदनलाई यसको उदाहरणका रूपमा पनि लिन सकिन्छ ।

### आर्थिक पुनरोत्थान, बजेटको रुझान

नीतिगत स्थिरता आर्थिक वृद्धि र विकासको आधारशीला हो । नेपालमा लगानी आकर्षित गर्न, व्यावसायिक आत्मविश्वास बढाउन र दिगो आर्थिक गतिविधिहरू सुनिश्चित गर्न स्थिर नीतिगत वातावरण कायम गर्नु आवश्यक छ । बारम्बार नीति परिवर्तन वा असंगत नियामक ढाँचाले अनिश्चितता सिर्जना गरिरहेको छ । जसले समग्र आर्थिक वृद्धिमै असर पारिरहेको छ ।

नीतिगत स्थिरतामा लगानीकर्ताको विश्वास निर्भर हुन्छ । जब नीतिहरू स्थिर हुन्छन्, लगानीकर्ताले अधिक निश्चितताका साथ योजना बनाउन सक्छन् । यो आत्मविश्वासले लगानीकर्तालाई नयाँ परियोजनाहरूमा पुँजी जुटाउन र हाल सञ्चालनमा रहेका उद्योग-व्यावसाय बिस्तार गर्न प्रोत्साहित गर्छ । अनुकूल व्यावसायिक वातावरण सिर्जना गर्न समयानुकूल आर्थिक सुधारका कार्यक्रममा ध्यान दिनुपर्ने अवस्था छ । यसका लागि आउँदो बजेटमार्फत नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम घोषणा गर्नुपर्दछ ।

यसका लागि आवश्यक अर्को महत्त्वपूर्ण कुरा शासकीय सुधार हो । नियामक प्रक्रियालाई सरल बनाउन र अनावश्यक प्रशासनिक झन्झटहरू हटाउनका लागि बजेटमार्फत नयाँ चरणको शासकीय सुधारका कार्यक्रम घोषणा गर्नुपर्दछ । लगानीकर्ताहरूलाई उनीहरूको लगानी सुरक्षित गरिने छ र कुनै पनि विवादहरू निष्पक्षरूपमा द्रुत ढंगबाट समाधान गरिने छ भन्ने विश्वास अहिले चाहिएको छ । न्यायिक प्रणालीको सुदृढीकरण र व्यावसायिक कानुनहरू स्पष्ट र निरन्तररूपमा लागू हुने सुनिश्चित गर्नाले लगानीकर्ताको विश्वास बढ्छ । सरकारी सेवाहरूको दक्षता र प्रभावकारितामा सुधार गर्न सार्वजनिक क्षेत्र सुधारलाई यसले समेट्नुपर्छ । भ्रष्टाचार घटाउन, पारदर्शिता बढाउन र सार्वजनिक क्षेत्रको जवाफदेहिता सुधार गर्ने विषयलाई बजेटले सही ढंगले सम्बोधन गर्नुपर्दछ ।

अर्को पक्ष भनेको करमा सुधार हो । करको आधारलाई फराकिलो बनाउने र कर संकलनको प्रभावकारितामा सुधार गर्ने प्रयास जारी छ तर अहिलेसम्म ठोस नतिजा आउन सकेको छैन । नेपालको वर्तमान कर प्रणालीलाई बढीभन्दा बढी करदातामैत्री, व्यवसायमैत्री र आधुनिक बनाउन हालको संरचनागत तथा कानुनी व्यावधानमुखी व्यवस्थाहरूलाई सुधार गर्नुपर्दछ । अहिले तीन तहका सरकार रहँदा र संविधानले नै तीन तहका कर असुल गर्ने अधिकारहरू बाँडफाँट गरी छुट्याइदिएको अवस्थामा अब विगतमा बनाइएका कानुनहरूलाई पनि सोही ढाँचामा सुधार गर्नुपर्ने अवस्था छ ।

प्रभावकारी र पारदर्शी कर प्रणालीले अनुपालनलाई प्रोत्साहित गर्दछ र करदाताहरूलाई बढी बोझ सिर्जना नगरी सरकारी राजस्व बढाउँछ । प्रगतिशील कर नीतिले लगानी र नवप्रवर्तनका लागि प्रोत्साहन गर्दछ र आर्थिक गतिविधिलाई गति दिन्छ । सुरक्षित र व्यावसायिक वातावरण सिर्जनाका लागि पनि कानुनी सुधारहरू गर्न आवश्यक छ ।

त्यसैगरी अर्को विषय हो वित्तीय क्षेत्र सुधार । नेपालको वित्तीय प्रणालीले पछिल्लो समयमा निकै समस्या झेल्दै आएको छ । आर्थिक गतिविधिहरूको बिस्तार, अर्थतन्त्रको विकास र आर्थिक क्रियाकलाप फस्टाउनका लागि आवश्यक पुँजीमा पहुँच सुनिश्चित गर्न आवश्यक छ । विशेषगरी साना तथा मझौला उद्योगका लागि ऋण उपलब्धता बढाउन बैंकिङ क्षेत्रको भूमिका महत्त्वपूर्ण छ । ऋण जोखिम मूल्यांकनमा सुधार गर्ने र ऋणदाताहरूको जोखिम कम गर्न ऋण सुनिश्चितता योजनाहरू लागू गर्नेजस्ता उपायहरूको सुधार आवश्यक छ ।

त्यस्तै व्यापार नीतिमा सुधारको पक्ष अहिलेको अर्को आवश्यकता हो भन्ने मलाई लाग्दछ । नेपाल सन् २०२६ पछि अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदै छ । यस परिप्रेक्षमा नेपाललाई विश्व अर्थतन्त्रमा थप प्रभावकारी रूपले समाहित गर्न व्यापार नीति सुधार आवश्यक छ । व्यापार अवरोधहरू घटाउन, भन्सार प्रक्रियालाई सरल बनाउन र नेपालले स्तरोन्नतिपछि गुमाउन सक्ने मुलुकहरूसँग गरिने द्विपक्षीय व्यापार सम्झौता वार्ताले निर्यात अवसर बढाउन र विदेशी लगानी आकर्षित गर्न सक्छ । यस्तो अवस्थामा नेपालले आफ्नो तुलनात्मक लाभको क्षेत्र पहिल्याउन र क्षेत्रीय तथा विश्वव्यापी मूल्य शृंखलाहरूमा पूर्णरूपमा सहभागी तुल्याउन अहिलेको व्यापार नीति पर्याप्त हुने छैन । नयाँ परिप्रेक्षमा विश्व व्यापार संगठन (डब्ल्युटिओ)का प्रावधानअनुसार नेपालले पाउने र गुमाउने क्षेत्रहरूबारे अध्ययन आवश्यक छ । निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ यसमा सरकारसँग सहकार्य र साझेदारीका लागि तत्पर छौं ।

यसर्थ, अर्थतन्त्रको बाहय क्षेत्र सकारात्मक भए पनि मूलतः आन्तरिक मागमा आएको कमीका कारण देखिएको समस्या समाधान गरी दिगो र उच्च आर्थिक वृद्धि गर्नु बजेटको मुख्य उद्देश्य हुनुपर्छ । अर्थतन्त्र पुनःरुत्थान गर्न र औद्योगिक क्षमता अभिवृद्धि गर्न, चरणबद्ध सुधार योजना अघि सार्नुपर्दछ । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुर्‍याइरहेको निजी क्षेत्रको सहभागितामा नयाँ चरणको आर्थिक पुनःसंरचनाको घोषणा गर्नुपर्छ । लगानी सम्मेलनअघिको सुधारले यसलाई बाटो खुलेको छ र धेरै परिवर्तन सम्भव रहेको मैले देखेको छु ।

अर्को एउटा विषय यो छ कि भूतप्रवाही कानुनले लगानीकर्तालाई जटिल बनाइदिएको छ । यसमा सुधारका लागि कार्यपालिका र न्यायपालिका दुवै पक्षबाट ठोस पहल हुनुपर्ने आवश्यकता छ । त्यसैले कम्तीमा पाँच वर्षका लागि प्रमुख नीति परिवर्तनमा रोक लगाएर स्थिर वातावरण सुनिश्चित गर्नुपर्छ । यसबाट स्वदेशी र विदेशी लगानीकर्ताहरूका लागि पनि समुचित वातावरण बन्ने छ भन्ने मलाई विश्वास छ ।

आन्तरिक स्रोतको सीमिततासँगै वैदेशिक सहायतामासमेत कमी आइरहेको सन्दर्भमा स्वदेशी एवं वैदेशिक लगानी र प्रविधि आकर्षित गर्न लगानी प्रवर्द्धन दशकका रूपमा आगामी वर्षदेखि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसअन्तर्गत एकल बिन्दु सेवाको प्रभावकारिता र थप नीतिगत सुधार आवश्यक हुने छ । यसका साथै, मुलुकभर छरिएर रहेका साना लगानीकर्ताहरूलाई समेटी निजी क्षेत्र विशेषगरी नेपाल उद्योग वाणिज्य महासंघद्वारा प्रवर्द्धन गरिएको लगानी कम्पनीलाई प्रोत्साहनका लागि विशेष घोषणा गर्नुपर्ने पनि हाम्रो माग रहेको छ ।

***(नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालसँग राससले गरेको कुराकानीमा आधारित)***

## सम्पादकीय

### सदनको गरिमा कायम राख

**प्रतिनिधिसभा जनप्रतिनिधिको सभा हो । यहाँ जनताको आवाजको प्रतिनिधित्व हुन्छ । तर पछिल्ला दिनहरूमा प्रतिनिधिसभा निरंकुश बन्दै गएको छ । सत्ताको बलमा विपक्षीको आवाजको कुनै सुनुवाइ नगर्ने थलोको रूपमा प्रतिनिधिसभा चिनिन थालेको छ ।**

**प्रतिनिधिसभाका सहजकर्ता हुन् सभामुख देवराज घिमिरे । तर घिमिरे सभाको नेताभन्दा पनि कुनै दलको कार्यकर्ताझैं उभिएका छन् । सत्ताको तुजुक सरकारलाई हुन्छ नै त्यसपछि प्रतिनिधिसभामा सभामुख आफैंले दमन थालेको देखिन्छ । विगत दुई महिनायता नेपाली कांग्रेस सहकारीमा जम्मा भएको सर्वसाधारणको पैसा खोजिदिन भन्दै सरकारलाई गुहारिरहेको छ । विषय प्रस्टै छ, वर्तमान सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने यो प्रकरणमा जोडिएका छन् । लामिछानेले सुप्रिम, सूर्यदर्शनजस्ता सहकारीको रकम अपचलन गरेको तथ्य खुलिसकेको छ । तर लामिछाने पटकपटक आफू चोखो रहेको दाबी गर्न थाकेका छैनन् ।**

**अहिले संसद्मा बजेट प्रस्तुत हुने समय आएको छ । यहीबीचमा प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वासको मत लिनुपर्ने अवस्था पनि आयो । यो बीचमा समन्वय गर्न प्रधानमन्त्री दाहालले पनि भरपुर प्रयास गरे । आफूलाई संगीन आरोप लागेपछि सदनमा बोलेर संसदीय समितिका लागि मार्गप्रशस्त गर्ने वाचा गृहमन्त्री लामिछानेले कसेका थिए । तर लामिछानेले उल्टै कांग्रेसमाथि आरोप थुपारेर 'तिमीहरूले ठग्न हुने, मैले नहुने ?' शैलीमा चोखिन खोजेका छन् । यतिमात्र हैन सहमतिको अन्तिम अवस्थामा आएर लचक बनेको कांग्रेसलाई सत्तापक्षले बेवास्ता गरेको देखिएको छ । कांग्रेसले संसदीय छानबिन समिति बनाउने सहमतिमा आइतबार गृहमन्त्री लामिछाने बोल्दा अवरोध गरेन । तर सत्तारुढ दलले भने इमानदारिताको फाइदा लिँदै न त कांग्रेसलाई बोल्न दियो न त छानबिन समिति गठनमै कुनै चासो देखायो ।**

**अहिले सत्तापक्ष मौन छ । समिति गठनका लागि तयार भएको कार्यदलको कुनै सहमति हुन सकेको छैन । बजेट आउने समय भएको छ । यस्तो बेला सभामुखले प्रतिपक्षीलाई पनि कम आँकेको देखिन्छ । खासमा सदन प्रतिपक्षको हो । आधारसहितको आरोपमा सभामुख घिमिरेले सहजता निभाउनुपर्ने हो । तर सत्तारुढ दललाई सत्ता नै ढल्ने डरका कारण अहिले सभामुख एमालेको कारिन्दाझैं देखिन थालेको छ । बजेट आउने समयमा सभामुखले यस्तो खेलाँची गर्नु भूल हो । यसले सरकार र सदनलाई अध्यादेशको बाटोतिर लैजाने खाडल खन्न मद्दत पुग्छ । त्यसैले सभामुखले आफ्नै जन्मथलो संसद्को गरिमा कायम राखोस् ।**

## मनन्योग्य

### विदुर नीति

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा भई भन्न लागे महाराज क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द । राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?' क्रमशः




## तँ भन्दा म के कम !

सेतो दरबारभित्र सेतै खोल लगाएको कुर्सीमा पनि नबिर्सी गनगन गर्दै थिए । यो भएन त्यो भएन । यसो गरिस्, त्यसो गरिस्, अब तँलाई छाडिन्न ! गनगनकुमारलाई धनकुमारले पनि हो मा हो मिलाउँदै थिए । अरु दुई-चार जना पनि घोक्रो फुट्नेगरी होहल्ला गर्ने भीडमा नै थिए । कोही रमिता हेरेर खित्का छाडेर हाँसिरहेका थिए ।

वारिको कुर्सीमा बसेका मानिसहरू पारिका कुर्सीमा बसेका मानिसहरूलाई आँखा तरातर पनि नगरेका होइनन् । तर आँखा तरेर दर्शकलाई जादू देखाउनेबाहेक के नै गरेको थियो । एकथरी भन्दै थियो तँ ठग होस् । अर्कोथरी चिच्याउँदै थियो तैंले खाएकै होस् । तैंले लिएकै होस् । तेरो नाममा त्यसै कसरी जान्छ त ? केटाकेटी भाँडाकुटी खेल खेल्दा झगडा गरेजस्तो लाग्दै थियो । सेतो दरबारको त्यो बैठक कोठा ।

बैठक कोठामा ओछ्याइएको रातो कार्पेटमा लमकलमक लम्कँदै व्यासजीको आसनमा गएर लामकाने गनगनलाई अझ गनगन गर्दै थिए । एऽ मेरो खोल्ने ? त्यसो भए तेरो पनि खोल्दिन्छु । उसको पनि खोलिदिन्छु । त्यसो जोइ-पोइको पनि खोलिदिन्छु !

तँ भन्दा म के कम ? तैंले बोल्न पाउने मैले नपाउने ? तेरो पनि सबै थाहा छ मलाई, तँ बाख्रा गोठालो के-के गरिस् थाहा छैन र ? मैले मात्र गल्ती गरेको छु हँ ! ओहोऽ सधैं आफैंमात्र रजाइँ गर्ने भन्ठानेको होला । तेरा दिन गए, अब मेरा दिन आए । लामकानेले झट्का हान्दै गयो ।

लामकानेको झट्कामा रमाउँदै चार-पाँच जना ठेट्नाहरू टेबल ठोक्दै थिए । हो हो, होइन भन्ने को ?

गनगनका वरिपरिका स्वाँठहरू पनि अर्कोतिरबाट भन्दै थिए छाडिन्न । त्यसै कुर्सीमा बस्न पाइन्छ ? कहिले जालसाँझी गर्ने, कहिले ठगी गर्ने अनि फुत्त दुनियाँलाई डुबाएर हिरो बन्ने ?

ए मैले गर्दा चाहिँ हिरो बन्ने भनेर आरोप लगाउनेले आफूले गरेको चाहिँ केही देख्नु पर्दैन ? तैंलेचाहिँ के गरिस् ? कहिल्यै आफ्नो अनुहार हेरेको छस् ? अरुलाई पाएमात्र खोक्ने ? त्यस्ता खोक्न हाम्ले पनि जान्या छम् ।

सधैं उनीहरूले मात्र कब्जा जमाइरहनुपर्ने । अरुको पनि पालो आउनु पर्‍यो नि । धेरै करकर नगर, मैले फेरि सबै खोतल्छु नि । मेरो खोइरो खन्ने काम नगर, बाख्रा खाने बोका !

ओइऽ त्यहाँ बसेर फूर्ति नगर है, सुग्रिव ! कसले खायो बाख्रा ? तँलाई बोका । जे पायो त्यही बोल्दो रैछ । आफू मुनिका कार्जेकर्ता बनाएर आफ्नै छानबिन पनि कतै हुन्छ ? सक्छस् भने आसन छाड्न । आसन नै नछाडि अनेक थरी कुरा गर्दै नगर । खेल्ने भए एक्लै-एक्लै भिड्न आइज । सक्छस् ? साइबर स्यालहरू देखाएर मलाई धम्क्याउने काम नगर है भन्दिएको छु ।

के को साइबर स्याल, सक्छस् भने तँ पनि राख्न । तँलाई त पत्याउन पनि त पर्‍यो नि ! ऊ बेला पत्याए भन्दैमा सधैं पत्याउँछन् र ? एक पटकको मूर्ख जनता हुन् पत्याइहाल्छन् । सधैंभरि एउटै ठाउँमा बसेर खाइरहने । ठेक्कापट्टा गर्न नपाएपछि मलाई रिस । ऊ बेला मैले गरेको गुन सबै बिर्सेछन् । ठिकै छ । भोलिका दिन हामी पनि हेरौंला । दिन त हाम्रो पनि आउँला नि । कम्ता गरेका छौं मलाई । दुःख दिन पनि कम दिएका छैनन् । अहिलेसम्म पनि चुप लागेर बसेको छु । यस्तो दिन आउँछ तिमीहरूलाई । अनि थाहा पाउँछौं ।

खुत्लाऽइदेउ त्यस्ता कुरा । हामी पनि कच्चा खेलाडी हो र ? कस्ता-कस्ता काण्डलाई एकैछिनमा झिरिप्प पार्न पनि सक्छौं । सुन काण्डदेखि नुन काण्डसम्म जोगाउनेलाई ठिस हान्ने ? गनगनले अर्ति उपदेश दिँदै पनि निकै झ्वाँक चलेपछि सुग्रिवको ओठ ताल सुके छ कि क्या हो । एक लिटर पानी कलकल भ्याए

'अब त्यसै छाडिन्न' सुग्रिवले सिसो पानी खाएसँगै अलिअलि जोश पठाए । यता सुग्रिव बोल्दै जाँदा लामिछानेहरूको पैदलमात्र भन्ने चर्चा गराए । जस्तो काम के भयो ? सरकारी गाडी चढ्न पाको छ हैन ? अब त सीधा कुरा मात्र हुन बाँकी छ । जनताले विश्वास गरेपछि तिमीले विश्वास गर या नगर ।

पालो अब हाम्रै हो । विगतदेखि वर्तमानसम्म हेर्ने मान्छेहरू देख्न पाएको छैन । सबको कुरा सबलाई थाहा छ किन भन्ने भनेर मात्र हो । आफैं कुरा लगाउने अनि आफैं विशेष चिज भनेर भन्दै हिँड्ने । यो अब अति भो । अति हुँदाहुँदै खति नहोस् भनेर हामी लाग्या छौं । तिमीसँग ठूला मान्छेहरू, तिमीसँग एसम्यान पनि चाहिन्छ । उसलाई चाहिँ के चाहिएको छ भन्दा सत्ता चाहिएको छ । सत्ताविना अरु कुरा चाहिँदैन । हामीले त भोग्यौं । तपाईंलाई जे चाहिन्छ त्यही भन्नुहोला ।

नयाँ टेण्डरबाट अलिअलि भए पनि खुराक आइसक्या छ । अब छाड्ने कुरा त हुँदै हुँदैन । कि वारी हुन्छ कि पारी । 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' हुन दिँदैनौं । चोक्टा खान गएपछि चोक्टा नै खाने हो । तिम्रा सबै कुरा हेरि पनि सक्या छौं, देखि पनि सक्या छौं । बरु सेतो घर छाडिन्छ तर तिमीलाई छाडिन्न । हेप्ने पनि सीमा हुन्छ नि ! पूरै खुइलिनेगरी एकोहोरो पेलेको पेल्यै गर्ने पनि हुन्छ ? तैंले खान हुने, मैले खान नहुने ? तैंले चोर्न हुने, मैले चोर्न नहुने ! अब तैंले जे गरेको छस् म पनि त्यही नै गर्ने हो । यही बसेर गर्ने हो । सेतो दरबारभित्रै बसेर तरबार चलाउने हो ?

तिमीहरूले वर्षौं लुट्यौ, ठग्यौ । अब मैले पनि ठग्ने हो । लुट्ने हो । तँ भन्दा म के कम देख्याछस् ? हेर्दै जा कि सहकारी छैन, कि बाख्रा छैन । केटो अब भिड्न हिँड्यो हिँड्यो । एक कान, दुई कान, मैदान । ल आइज भिडौं कहाँ भिड्ने ? तँ चोर, म पनि चोर ! तैंले चोरेको थिइस्, अब म पनि चोर्नै आको हुँ के गर्छस् ?

जुन जोगी आए पनि कानै चिरेका । कस्ता-कस्ता आए गुलेली खेलाए मटयांग्रा सत्यानाश !



पाहुनाको स्वागत — नवलपुरको अमलटारी घरबास गाउँमा थारु समुदायको वेषभूषामा सजिएर पाहुनाको स्वागतमा बसेका महिलाहरू। *तस्बिर: दयाराम आचार्य/रासस*

# कोशी प्रदेश योजना आयोगको उपाध्यक्षमा अधिकारी

**विराटनगर (प्रस)**– कोशी प्रदेश योजना आयोगको उपाध्यक्षमा डा. राजेन्द्र अधिकारी नियुक्त भएका छन् । कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को सोमबारको बैठकले झापा विर्तामोड निवासी डा. अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले जानकारी दिए ।

नवनियुक्त उपाध्यक्ष अधिकारीले सोमबार नै पद तथा गोपनीयताको शपथ लिएका छन् । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा उनलाई शपथ गराएका हुन् ।

कानुनमन्त्री एवं प्रदेश सरकारका प्रवक्ता अधिकारीका अनुसार मन्त्रिपरिषद् बैठकले मुख्यन्यायाधिवक्ता कार्यालयको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन कोशी प्रदेशसभामा पेस गर्ने, कोशी प्रदेशसभा सदस्य भक्तिप्रसाद सिटौलालाई क्यानडा जान कूटनीतिक राहदानीका लागि प्रधानमन्त्री कार्यालयमा सिफारिस पठाउने निर्णय गरेको छ । साथै, वित्तीय हस्तान्तरणको सम्बन्धमा सोलुखुम्बुको दूधकुण्ड नगरपालिका सोलु, खाँदबारी नगरपालिका संखुवासभा र ताप्लेजुङको फुङ्लिङ नगरपालिकामा आप्रवासन केन्द्र स्थापना तथा सञ्चालनका लागि पाँच लाख दुई हजार रूपैयाँका दरले रकम पठाउने निर्णय पनि सोमबारको बैठकमा भएको उनले जानकारी दिए ।

# नेपालगञ्जमा परम्परागत इनारको संरक्षण

**खजुरा (बाँके)**– नेपालगञ्जका साँघुरा गल्लीमा हुनसक्ने आगजनीको जोखिमलाई मध्यनजर गरी परम्परागत कुवा (इनार) संरक्षण गर्न थालिएको छ । नेपालगञ्ज-३ र वडा नं ७ मा चारपांग्रे सवारीसमेत प्रवेश गर्न नसक्ने बाटो रहेका कारण आगालागीजन्य विपद्का समयमा हुनसक्ने जोखिम न्यूनीकरणका लागि कुवा संरक्षणमा जोड दिइएको हो । यस अभियानमा नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी (सुपर) परियोजनाले प्राविधिक सहयोग गर्दै आएको छ ।

वडा नं ७ मा पुराना कुवा (इनार) लाई संरक्षण गरी चार हजार लिटर पानी ट्यांकीमा संकलन गरिराख्ने व्यवस्था मिलाइएको स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रूपन ज्ञवालीले जानकारी दिए । 'वडा कार्यालय र स्थानीय टोलवासीसँगको सहकार्यमा परम्परागत कुवा संरक्षण गरी आगजनीजन्य विपद्का बेला पानी प्रयोग गर्नसक्ने व्यवस्था मिलाइएको छ,' ज्ञवालीले भने, 'केही गरी साँघुरो गल्लीभित्रको बस्तीमा आगजनी भइहाले पनि अब ट्यांकीबाट जम्मा गरिएको कुवाको पानीले आगो नियन्त्रण गरिने छ ।'

आगो नियन्त्रण तथा समुदायस्तरमा खोज उद्धार र प्राथमिक उपचारका लागि १८३ स्वयंसेवक परिचालन गरिनुका साथै वडा नं ३ र ७ मा जनचेतना कार्यक्रमसमेत सञ्चालन गरिएको ज्ञवालीले बताए ।

दमकल प्रवेश गर्न नसक्ने गल्लीभित्र रहेका बस्तीमा आगजनी नियन्त्रणका लागि स्थानीय कुवाबाट पानी संकलन गरी 'ड्राइफायर हाइड्रेण्ड' विधिको विकास गरिएको छ । यस विधिमा कुवाको पानी ट्यांकीमा संकलन गर्ने र ट्यांकीमा बस्तीभित्र पुग्नेगरी पाइप जडान गरिएको नेपालगञ्ज उपमहानगरपालिका-७ का वडाध्यक्ष प्रशान्त श्रेष्ठले जानकारी दिए । प्राचीनकालदेखि खानेपानीको विकल्प बनेका कुवाको महत्त्व र आगजनी नियन्त्रणलाई दृष्टिगत गरी वडाभित्रका सबैजसो कुवाको संरक्षण सुरू गरिएको श्रेष्ठले जानकारी दिए । 'प्रयोगमा आउन छाडेपछि पुरिएका कुवाको पुनर्निर्माण गरेका छौं, विगतमा पुरिएका दुई कुवालाई सरसफाइ र मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइसकेका छौं,' वडाध्यक्ष श्रेष्ठले भने, 'स्थानीय टोलवासीको सहयोग र समन्वयमा अन्य पाँच कुवाको मर्मतसम्भार गर्ने योजना छ ।'

पुनर्निर्माण गरी सञ्चालनमा ल्याइएका कुवाको संरक्षणको जिम्मा स्थानीय टोलवासीलाई नै दिइएको छ । कुवालाई सफा गरेपछि अहिले लुगा धुन, नुहाउन, करेसाबारीमा प्रयोग गर्नेलगायत कामका लागि पानीको प्रयोग हुन थालेको वडाध्यक्ष श्रेष्ठले बताए । वर्षौंदेखि प्रयोगविहीन रहेका कुवाको मर्मत भएपछि स्थानीयवासी पनि खुसी भएका छन् । स्थानीय चन्द्रकला गुरुङले कुवाको पानी धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेकाले विवाह, व्रतबन्ध, पूजाआजामा प्रयोग गर्दा उत्तम हुने धार्मिक विश्वास रहिआएको बताए ।

वडा नं ७ कार्यालयले गगनगञ्ज, शिव मन्दिर र मदन–आश्रितमार्ग टोलमा रहेका पुराना कुवाको संरक्षण गर्न लागेको छ । यो कार्यक्रमले भूकम्पीय जोखिम न्यूनीकरणका लागि दुई वर्षदेखि सचेतना प्रवर्द्धन गरिरहेको छ । *रासस*

# दमौलीको मुख्यचोकका सटरमा आगलागी

**दमौली (तनहुँ)**– तनहुँ सदरमुकाम दमौलीस्थित मुख्यचोकका सटरमा आइतबार राति भीषण आगलागी भएको छ । व्यास नगरपालिका-३ मुख्यचोकस्थित फलफूल लाइनमा रहेका सटरमा आइतबार राति १२:४५ बजेदेखि आगलागी सुरु भएको थियो ।



आगलागीका कारण यहाँका करिब २० वटा सटर पूर्णरूपमा जलेका छन् । आगलागीबाट लाखौंको क्षति भएको अनुमान गरिएको छ । तीन घण्टाको प्रयासपछि आगलागी पूर्णरूपमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिए ।

तनहुँ जलविद्युत् आयोजना, मुग्लिन पोखरा सडक योजना, व्यास नगरपालिकाको गरी चारवटा दमकलको सहायताले बिहान ३:४५ बजे आसपास आगलागी निभाइएको प्रहरीको भनाइ छ । आगलागी नियन्त्रणका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयले सहयोग गरेका थिए ।

आगलागीको केही समयमै व्यास नगरपालिकाको दमकल आइपुगेको थियो । नगरपालिकाको दमकल सानो र कम क्षमताको भएका कारण सुरुमा आगलागी निभाउन कठिन भएको थियो । केही समयपश्चात् मुग्लिन पोखरा सडक योजना र तनहुँ जलविद्युत् आयोजनाका दमकल आएपछि आगलागी नियन्त्रणमा सहज भएको थियो ।

विद्युत् चुहावट हुँदा आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ । आगलागीका कारण भएको क्षतिको विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ । जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका सटर भाडामा लगाइएको थियो । यहाँ विभिन्न पसल सञ्चालनमा थिए ।

### क्षतिको विवरण संकलन गरिँदै

उक्त आगलागीबाट भएको क्षतिको विवरण संकलन थालिएको प्रहरीले जनाएको छ । जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका करिब २० वटा सटर जलेर नष्ट भएका छन् । यहाँ आइसक्रिम, फलफूल, मोबाइललगायत पसल सञ्चालनमा थिए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रायका अनुसार विद्युत् चुहिएर आगलागी भएको हुनसक्ने अनुमान छ । एउटा पसलमा लागेको आगो सल्किँदा अन्य पसलमासमेत क्षति पुगेको अनुमान गरिएको उनले बताए ।

### क्षतिपूर्तिका लागि सरकारको ध्यानाकर्षण

यसैबीच पूर्वमन्त्री एवं सांसद कृष्णकुमार श्रेष्ठले आगलागीपीडितलाई राहतका लागि सरकारको ध्यानाकर्षण गराएका छन् । फलफूल लाइनमा भएका अधिकांश पसल जलेर नष्ट भएको घटनाले अत्यन्तै दुःखी र मर्माहत बनाएको बताउँदै उनले घटनाको छानबिन गरी पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराए ।

प्रतिनिधिसभा सदस्य डा. स्वर्णिम वाग्लेले आगलागीबाट भएको क्षतिको विवरणका आधारमा आवश्यक राहत उपलब्ध गराउन सरकारसँग आग्रह गरे । उनले मुचुल्का उठाइ सम्पत्ति नोक्सानीका आधारमा आवश्यक राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत आग्रह गरे । *रासस*

# भारतसँग जोडिएको पर्साका सीमानाका तीन दिन बन्द हुने

वीरगञ्ज (प्रस)- भारतमा हुने लोकसभा निर्वाचनलाई लक्षित गर्दै भारतसँग जोडिएको पर्साका सीमानाका तीन दिन बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले यही जेठ १० देखि १२ गते बेलुका ६ बजेसम्म भारतसँग जोडिएका पर्साको सीमानाका बन्द हुने जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतको विहार राज्यको पश्चिम चम्पारण जिल्लामा जेठ १२ गते हुने लोकसभा निर्वाचनलाई लक्षित दुई देशबीचको सीमानाका बन्द हुने बताए । 'दुवै मुलुकमा निर्वाचन हुँदा ४८ घण्टाअगावै सीमानाका बन्द गर्ने परम्पराअनुसार सीमानाका बन्द गर्ने सहमति भएको छ,' उनले भने, 'भारतको विहार राज्यको पश्चिम चम्पारण जिल्लामा हुन गरिरहेको निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न शुक्रबार बसेको बिडिसिसी बैठकको निर्णयअनुसार निर्वाचन हुनु ४८ घण्टाअघिदेखि सीमानाका बन्द गर्ने निर्णय भएको छ ।'

पर्साको १०७ किलोमिटर सीमा क्षेत्र भारतसँग जोडिएको छ । दुवै मुलुकको बिडिसिसी बैठकको निर्णय र समाहरणालय, पश्चिम चम्पारण, बेतिया (विहार)को पत्रांकको पत्रबाटसमेत अनुरोध भएर आएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ । नेपालमा निर्वाचन हुँदा पनि भारतको सीमानाका बन्द गर्ने परम्परा रहँदै आइरहेको छ ।


## इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.

**भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा.–२ लोकन्थली**

**सदस्य एवम् ऋणी उपेन्द्र काफ्लेका नामको धितोमा रहेको सम्पत्ति डाँक बढाबढ लिलाम बिक्री गर्ने सम्बन्धी ०७ (सात) दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति : २०८१/०२/०८ गते, मंगलबार)**

यस संस्थाका सदस्य एवम् ऋणी श्री उपेन्द्र काफ्लेले संस्थाबाट लिनुभएको कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, हर्जना आदि रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको लिखत र शर्तबन्देज उल्लङ्घन गर्नु भएकोमा संस्थाबाट पटक-पटक लिखित तथा मौखिक सूचना गरी तरताकेता गर्दा संस्थामा उपस्थित भई रकम तिर्ने भनी भाखा मागी निवेदन गरेतापनि सो बमोजिम समेत रकम दाखिला नगरी रहेकोमा संस्थबाट पुनःपटक पटक लिखित तथा मौखिक सूचना एवम् राष्ट्रियस्तरको दैनिक पत्रिकामा पटक पटक सूचना प्रकाशित गरी संस्थाको लेना रकम असुलीका लागि तरताकेता गर्दासमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरि नबुझाई बेवास्ता गरी बसेकोमा सहकारी ऐन २०७४को दफा ७९ तथा सहकारी नियमावली २०७५ को नियम ३० को उपनियम (१) को खण्ड (क) अनुसार मिति २०७९/०२/१८ मा कारोबार राष्ट्रिय दैनिकमा सावर्जनिक सूचना प्रकाशन गरी ३५ (पैंतिस) दिनभित्र संस्थालाई बुझाउनु पर्ने रकम तिर्न बुझाउन वा तिरी बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी सूचित गर्दासमेत सम्पर्कमा आई रकम दाखिला नगरेको हुनाले ऋणीका नाममा रहेको तल उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम विक्री गरी संस्थाको लेना रकम असुलउपर गरी लिइने भएकाले यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम विक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण लेना रकम असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघरानाबाट असुलउपर गर्न असुली प्रक्रिया अघिबढाईने ब्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**डाँक बढाबढ लिलाम बिक्री गरिने जग्गाको विवरण** : ऋणीको नाममा मालपोत कार्यालय साँखु काठमाडौंमा दर्ता कायम रहेको साविक लप्सीफेदी गा.वि.स.वडा नं.२/क कि.नं. ७ को क्षेत्रफल ०-१४-०-० (ब.मि ४४५।१५) र सुनटोल गा.वि.स.वडा नं.८/ङ कि.नं. १७३ को क्षेत्रफल ०-८-०-० (व.मि.२५४।३७) जग्गा ।

**डाँक बढाबढ लिलाम विक्रीका शर्तहरू :**

१. डाँक बढाबढ गर्ने व्यक्तिहरूमध्ये सबैभन्दा बढी कबोल गर्ने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृत गरिनेछ ।
२. डाँक बढाबढका क्रममा सबैभन्दाबढी कबोल लिलाम विक्री स्वीकृत गरिएको व्यक्तिले आफूले बोलेको रकमको १० (दश) प्रतिशत रकम नगदै तुरुन्त संस्थामा बुझाउनु पर्नेछ ।
३. जग्गा नामसारी रजिष्ट्रेशन गर्दा लाग्ने सम्पूर्ण दस्तुर लिलाम सकार गर्ने व्यक्तिले नै बुझाउनु पर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चित भई जग्गा नामसारी गरी लिन सूचना बुझेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम बुझाई नामसारी गरी लिनु पर्नेछ । सो अनुसार नभएमा धरौटी वापत राखेको १० (दश) प्रतिशत रकम स्वतःजफत हुनेछ ।
५. लिलाम विक्री हुने जग्गाको कागजात हेर्न चाहनेले संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
६. उल्लेखित धितो सुरक्षण स्वरूप रहेको सम्पत्ति लिलाम बिकी गर्दा कसैले नसकारेमा सहकारी नियावली, २०७५ को नियम३५ बमोजिम उक्त सम्पत्तिको स्वामित्व संस्थाले नै लिन सक्नेछ ।
७. बढाबढ लिलाम विक्री गर्दा सबैभन्दा बढी अङ्क बोल्ने व्यक्तिको डाक स्वीकृत/अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।

**डाँक बढाबढ गरिने स्थान, मिति र समय :**

स्थान : संस्थाको कार्यालय प्राङ्गण — मिति : २०८१/०२/१५ गते, मंगलबार
समय : विहान १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म — (सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट)



## Dullu Municipality
## Office of Municipal Executive
**Dullu, Dailekh**
**Karnali Province**

**INVITATION FOR SEALED QUOTATION**

*IFB No: Works/SQ/NCB/DM/28/2080/081*
**First Date of publication: 06/02/2081**

1. Dullu Municipality, Dailekh invites only electronic Sealed Quotation from Nepalese eligible Forms for the Buyer of below listed execution of Goods under National Competitive Bidding procedures.

| S.N | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/ SQ/NCB/ DM/28/ 2080/081 | Construction Of Bekurekot -Chhinja Khola - Health Post & Bhimlakhola - Charedanda Road Upgrading (Nature of Works: Hard Rock Cutting, Construction Earthen Drain & Gabbion Works) Dullu Municipality-13 | 1,686,609.82 | 60000.00 | 1000.00 | 75 Days |

2. a) Rajaswa (revenue) Khatta no. 4340100301010002 &
   b) Dharauti Khatta(Deposit Acct.) No: 4340100303000002
3. Electronic bids must be submitted before *12:00* on 21/*02/2081.*
   The bids will be opened at *14:00* on *21/02/20801*

**Chief Administrative Officer**



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES
पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1
पुर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC
पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES
पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक

रूपशाला

## 'शिरफूल' ७ असारमा प्रदर्शनमा आउने

कमल एक्चै मगरको निर्देशन रहेको फिल्म 'शिरफूल' असार ७ गतेदेखि प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले असारमा फिल्मको अभाव देखेपछि फिल्मको रिलिज तोकेको हो । 'शिरफूल' आदिवासी जनजाति महिलाहरूले लगाउने एक प्रकारको सुनको गहना हो । नारीले शिरमा लाउने, फूलका आकार हुने भएकाले 'शिरफूल' भनिएको हो । नेपाली समाजमा छोरी चेलीलाई शिरको फूलको रूपमा लिने चलन छ । फिल्मले पनि छोरीलाई बिम्बको रूपमा बुझाउन खोजेको निर्देशक मगर बताउँछन् । फिल्ममा रूपा राना, राज थापा, देवराज आले, विनीता थापा, सुनिल रोका, नमिता तामाङ, पुजा गदाल, लिला गुरूङ, निता पुन, किरण मगरलगायतको अभिनय छ ।



मंगलबार ०८, जेठ २०८१ (Tuesday, May 21, 2024)

# दुर्गादेवी र सुमृतीले जिते 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२४'



■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो 'स्पेस एण्ड डिजाइन एक्स्पो २०२४'को विजेता दुर्गादेवी पौडेल अधिकारी र सुमृती शाक्य भएका छन् । क्याफे थिमतर्फ दुर्गादेवी र थेसिस थिमतर्फ सुमृती विजेता बनेका हुन् । एक्स्पोमा क्याफे थिमतर्फ निकाश योञ्जन दोस्रो, निवास श्रेष्ठ तेस्रो चुँनिदा सानुमाया बानियाले 'पब्लिक च्वाई अवार्ड' हात पारिन् । थेसिस तर्फ भने यलिना ताम्राकार दोस्रो, न्यान्सी सिन्टाकला तेस्रो हुँदा पब्लिक च्वाइस अवार्ड सक्रिता राजथलाले प्राप्त गरिन् ।

शोभा ज्ञवाली (अध्यक्ष नेपाल महिला उद्यमी संघ), श्रीच्छा प्रधान (मिस नेपाल वर्ल्ड), प्रशिद्ध शाह (मिस नेपाल इन्टरनेशनलले विजेतालाई अवार्ड, नगद तथा प्रमाण पत्र प्रदान गरे । आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनको आयोजनामा कमलपोखरीस्थित सिटी सेन्टरमा दुई दिन आयोजित एक्स्पोको काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले उद्घाटन गरेकी थिइन् । प्रदर्शनिमा आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टेरियर डिजाइनमा अध्यायनरत ६३ विद्यार्थीका इन्टरियर सम्बन्धि बिभिन्न सिर्जना प्रदर्शनमा राखिएका छन् । जसमा ३५ ग्राजुयट र २८ रनिङ विद्यार्थी हुन् ।

एक्स्पोको थेसिस जुरीमा रञ्जन प्रजापति (आर्किटेक), तेजिता वैद्य अमात्य (इन्टिरियल डिजाइनर) र क्याफे थिममा अदीति पौडेल (आर्किटेक) र पिनु श्रेष्ठ (इन्टेरियल डिजाइनर) रहेका थिए । एक्स्पोमा दुई प्रकारको प्रदर्शनि राखिएको थियो । एक अध्यायन गरेर ६ महिना मात्र भएका बिदार्थीको बिभिन्न फरक फरक क्याफे डिजाइन थिए भने अर्को ग्राजुयट भएका बिद्यार्थीको थेसिस भनेर राखिएको छ । एक्स्पोको विशेष प्रायोजक बर्जर पेन्टस् र डोर्सेट रा मिराज, फत्ताजु फर्निचर, फर्निचर हब, सिकर्मी हार्डवेयर रहेको थियो ।

आईआईएफटी स्कुल अफ फेसन एण्ड इन्टरियर डिजाइन विगत एक दशकदेखि फेसन तथा इन्टेरियर डिजाइन सम्बन्धी अध्ययन गराउँदै आएको एकेडमी हो । आईआईएफटीले आफ्नो विद्यार्थीका सिर्जना आम जनमानसमा परिचित गराउने उद्देश्यले यो कार्यक्रम गर्दै आएको हो । फेसन डिजाइनमा १४ महिना र इन्टेरियर डिजाइनमा १५ महिनाको कोर्ष प्रदान गर्दै आएको आईआईएफटीका शाखाहरू काठमाडौंको हेरिटेज प्लाजा, बागबजारको बागबजार प्लाजा र ललितपुरको कुमारीपाटीमा छ ।

नेपालकै ठुलो फेसन र इन्टेरियर अध्यापन संस्थाको रूपमा परिचित आईआईएफटीले आफ्नो अध्यापन गर्ने विद्यार्थीका लागि सिर्जना प्रस्तुत गर्न विभिन्न फेसन शो, 'स्पेस एण्ड डिजाइन एक्स्पो' लगायत कार्यक्रम आयोजना गर्दै आएको छ ।

# 'फर्की फर्की'बाट समृद्धिको डेब्यू



■ प्रभाव संवाददाता

**काठमाडौं–** समृद्धि अर्याल हङकङमा जन्मिइन्, भारतमा पढिन् । भारतमा अभिनयको अध्ययन गरेकी उनी यही जेठ १० गतेबाट रिलिज हुने फिल्म 'फर्की फर्की'बाट नेपाली फिल्ममा डेब्यू गर्दैछिन् । हङकङमा रहँदा उनको परिवारले अभिनेता अनमोल केसीको कुरा गर्थे । अहिले समृद्धि अनमोल अभिनित फिल्म 'फर्की फर्की'बाट नै नेपाली फिल्ममा पाइला चाल्दैछिन् ।

'फिल्ममा म जसिता गुरुङको साथीको भूमिकामा देखिँदैछु । आफ्नो साथीको लागि जे पनि गर्न सक्ने किसिमको क्यारेक्टर छ । साथीको राम्रो होस् भनेर चिताउने क्यारेक्टर छ', उनी भन्छिन्, 'म रियल लाइफमा धेरै बोल्दिनँ । तर फिल्ममा अलिक फरक देखिएकी छु ।' फिल्मको सुटिङमा उनको पहिलो सट अभिनेत्री जसितासँग रहेछ । 'मेरो पहिलो सट नै जसितासँग थियो । केही नर्भस पनि थिएँ । तर आफूलाई सम्हाल्नुपर्छ भन्ने लागेपछि म सम्हालिएँ', उनले भनिन् ।

समृद्धिका लागि 'फर्की फर्की' यात्रा रोचक छ । एकदिन उनी र उनकी आमा लाजिम्पाटमा थिए । सोहीबेला निर्माता अर्जुन कुमारले उनलाई निर्माता रोहित अधिकारीले एउटा क्यारेक्टरका लागि अडिसन मागिरहेको बताएपछि समृद्धिलाई 'तिमी गर्छौ ?' भनेर सोधेका थिए । 'मलाई कस्तो फिल्म, कसको फिल्म भन्ने थियो । अर्जुन अंकलको भनाई अनुसार रोहित दाईलाई भेटेपछि उहाँले 'टाइम ट्राभलको मुभी हो । क्यारेक्टर सेकेण्ड लिड छ' भन्नुभयो । म जसिताको साथी भनेपछि यति ठूलो मौका हत्तपत्त कसैले पाउँदैन । मैले गरेको राम्रो हुन्छ भनेर अडिसन दिएँ अनि छानिएँ', उनले भनिन् ।

अभिनयप्रति समृद्धिलाई सानैदेखि रुची थियो । उनले मोडलिङ हल्काफूल्का सिके पनि कलाकार हुन्छु भन्ने उनलाई लागेको थिएन । तर बुवाले मुम्बईमा अभिनयको इन्स्टिच्यूट खोजेर उनलाई भर्ना गरिदिए । त्यहाँ उनले तीन वर्ष अभिनय कक्षा लिइन् । 'तीन वर्षको अध्ययन पछि कसरी अगाडि बढ्ने, कसरी काम गर्ने भन्ने कुरा बुझ्ने मौका पाएँ । क्यामराको अगाडि कसरी अभिनय गर्ने भनेर बढी सिकें । क्यामरासँगै थिएटर अभिनय पनि सिकाउँथे । कलेजमा मैले ६ वटा छोटा फिल्ममा काम गरेको थिएँ । त्यसपछि विस्तारै आत्मविश्वास बढ्यो', उनले भनिन् । समृद्धि आफ्नो कामबाट खुशी छिन् । नाम चलेका कलाकारसँग ठूलो ब्यानरमा अभिनय गर्न पाउँदा उनी आफूलाई भाग्यमानी ठान्छिन् । निर्देशक सुयोग गुरुङ, निर्माता रोहित अधिकारी र फिल्मका कलाकारको काम गर्ने शैलीबाट उनी प्रभावित रहिछन् । रोहित अधिकारीको निर्माण र सुयोग गुरुङको लेखन तथा निर्देशन रहेको फिल्म 'फर्की फर्की'मा अनमोल केसी, जसिता गुरुङ, निर्मल शर्मा, लोकेन्द्र लेखक, सलोन बस्नेत, रवि काफ्ले र समृद्धि अर्याललगायतको अभिनय छ ।

## रंगशाला

# मिसन २०२६ लाई थपिए पाँच खेल




■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले मिसन-२०२६ अन्तर्गत दोस्रो चरणमा राष्ट्रिय टोली तयारीको विशेष प्रशिक्षणका लागि पाँच खेल थप गरेको छ । यसअघि पहिलो चरणमा पनि पाँच खेल समावेश गरिएका थिए ।

मिसन-२०२६ अन्तर्गत पहिलो चरणको विशेष प्रशिक्षणमा रहेका खेलाडी र प्रशिक्षकका लागि आज यहाँ आयोजित उत्प्रेरणा कार्यक्रममा राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङले थप गरिएका खेलमा महिला कबडी, महिला भलिबल, भारोत्तोलन, कुस्ती र एथलेटिक्स रहेको जानकारी दिए । दोस्रो चरणमा ५२ खेलाडी र १० प्रशिक्षकलाई समावेश गरिएको छ ।

कबडी र भलिबलमा १२-१२, भारोत्तोलन र कुस्तीमा पाँच-पाँच तथा एथलेटिक्समा चार-चार पुरुष र महिला खेलाडीलाई समावेश गरिएको छ । पहिलो चरणमा कराते, तेक्वान्दो, उसु, जुडो र बक्सिङका ५० खेलाडी तथा १० प्रशिक्षक हाल तयारी प्रशिक्षणमा छन् । जापानमा हुने २०औं एसियाली खेलकुदलाई केन्द्रमा राखेर तथा त्यस अगाडि हुने विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितालाई समेत दृष्टिगत गरी राखेपले २०८० माघ १५ गतेदेखि मिसन-२०२६ अन्तर्गत पहिलो चरणमा पाँच खेल समावेश गरी राष्ट्रिय टोली तयारीको विशेष प्रशिक्षण थालेको थियो ।

गत वर्ष चीनमा सम्पन्न १९औं एसियाली खेलकुदलगत्तै राखेपले २० औं संस्करणका लागि तयारी सुरु गरेको हो । सदस्य-सचिव घिसिङले छोटो तयारीको भरमा खेलाडीबाट ठूलो उपलब्धिको अपेक्षा गर्नु जायज नहुने भएकाले १९औं एसियाली खेलकुदलगत्तै राष्ट्रिय टोलीको तयारीको विशेष प्रशिक्षण आरम्भ गरिएको बताए ।

नेपाली चलचित्रका नायक राजेश हमालको उपस्थितिमा भएको उक्त उत्प्रेरणा कार्यक्रममा सदस्य-सचिव घिसिङले एसियाली खेलकुदमा लक्ष्य पूरा गर्न नायकहरू खोजिरहेको बताए । खेलाडीमध्येबाट नै खेलकुदको नायक पाउने उनले विश्वास व्यक्त गरे । उत्प्रेरणा कार्यक्रममा नायक हमालले विगतको कमीकजोरीबाट पाठ सिकेर तयारीलाई अझ परिस्कृत गर्नुपर्ने उल्लेख गर्दै खेलाडीले जस्तोसुकै चुनौती पनि पार गर्न सक्छु भन्ने आत्मविश्वास पैदा गर्न सक्नुपर्ने धारणा राखे ।

राष्ट्रिय टोली तयारीका निर्देशक दीपक विष्टले विगतमा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि हुने छोटो अवधिको तयारीको अन्त्य गर्दै विगतको भन्दा राम्रो उपलब्धि हासिल गर्न सदस्य-सचिव घिसिङले चालेको कदमको प्रशंसा गर्दै एसियाली खेलकुदमा आफूले जित्न नसकेको स्वर्ण अहिलेको विशेष प्रशिक्षणमा रहेका खेलाडीले जित्ने विश्वास व्यक्त गरे ।

उत्प्रेरणा कार्यक्रममा पहिलो चरणको विशेष प्रशिक्षणमा रहेका खेलाडी र प्रशिक्षकलाई खेल सामग्री प्रदान गरिएको थियो । सो अवसरमा डा ज्ञानेन्द्र शाहले खेलाडी र प्रशिक्षकलाई डोपिङसम्बन्धी जानकारी गराएका थिए ।

# पाथीभरा म्याराथनमा आर्मीको बर्चस्व

■ प्रभाव संवाददाता



**ताप्लेजुङ–** ताप्लेजुङ पर्यटन महोत्सवअन्तर्गत आज भएको पाथीभरा म्याराथन दौडमा त्रिभुवन आर्मी क्लबका होमलाल श्रेष्ठ प्रथम हुनुभएको छ । श्रेष्ठले फुङलिङ-पाथीभरा ४८ किलोमिटरको निर्धारित दूरी चार घण्टा पाँच मिनेट २७ सेकेन्डमा पूरा गरेका थिए ।

प्रथम भएका श्रेष्ठले रु एक लाख ५१ हजार एक सय ११ सहित प्रमाणपत्र पाएका छन् । यस्तै, त्रिभुवन आर्मी क्लबकै तिलक सुनुवार द्वितीय भएका छन् । उनले निर्धारित दूरी चार घण्टा १२ मिनेट ४८ सेकेन्डमा पूरा गरेका थिए । उनले रु एक लाख ११ हजार एक सय ११ सहित प्रमाणपत्र प्राप्त गरे । तृतीय भएका आर्मीकै प्रताप थाम्सुहाङले चार घण्टा १३ मिनेट २४ सेकेन्डमा निर्धारित दूरी पार गरेका थिए । उनलाई रु ५१ हजार एक सय ११ सहित प्रमाणपत्र प्रदान गरिएको छ । पाथीभरा खुला म्याराथनमा एक सय १४ जना सहभागी भएका थिए ।

महिला हाफ म्याराथनतर्फको उपाधि पनि आर्मी क्लबकै सुनसरी रोकाया प्रथम भएका छन् । रोकायाले सदरमुकाम-काफ्लेपाटी ३९ किलोमिटरको निर्धारित दूरी तीन घण्टा ४४ मिनेट ५२ सेकेन्डमा पूरा गरेका थिए । यस्तै, फुङलिङ-६ की कुमारी गुरुङ चार घण्टा २२ मिनेट ५३ सेकेन्डमा निर्धारित दूरी पार गरी दोस्रो भएका छन् । मैवाखोला गाउँपालिका-१ ढुङ्गेसाँघुकी विनिता तामाङले चार घण्टा २७ मिनेट ४९ सेकेन्डमा निर्धारित दूरी पार गरी तेस्रो भएका छन् । महिलातर्फका प्रथम, द्वितीय र तृतीयले क्रमशः रु ८१ हजार एक सय ११, रु ५१ हजार एक सय ११ र रु ३१ हजार एक सय ११ सहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

महिला हाफ म्याराथन दौडमा ४७ धावक सहभागी भएको पाथीभरा म्याराथनदौड व्यवस्थापन उपसमितिका संयोजक विनोद भारतीले जानकारी दिए । यही जेठ ३ गतेदेखि सुरु भएको ताप्लेजुङ महोत्सव सम्पन्न भएको छ । महोत्सवअन्तर्गत डोको क्यारी रन, अन्तरपालिकास्तरीय मेयरकप रनिङ भलिबल प्रतियोगितासहितका खेलकुद भएका छन्भने पाथीभरा साइकल यात्रासमेत सम्पन्न भएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन र विकासका लागि आयोजित महोत्सवमा घरेलु औद्योगिक कृषि प्रदर्शनी, विभिन्न जातीय समुदायका खाद्य परिकारका कक्ष राखिएका थिए । महोत्सवमा हरेक दिन सांस्कृतिक तथा साङ्गीतिक कार्यक्रम गरिएका थिए । आइतबार गायक प्रताप दाससहितका कलाकारले आफ्नो प्रस्तुति देखाएका थिए भने आज समापनको दिन गायिका रचना रिमाल प्रस्तुति रहेको थियो ।

# 'सी' डिभिजनको शीर्षस्थानमा पुल्चोक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिरब लो तामाङको दुई गोलप्रेरित पुल्चोक स्पोर्ट्स क्लब शहिद स्मारक 'सी' डभिजन लिगको शीर्ष स्थानमा उक्लिएको छ । एन्फा कम्प्लेक्समा सोमबार सम्पन्न दिनको पहिलो खेलमा पुल्चोकले स्पोर्ट्स एकेडेमी साँगालाई ५-१ गोल अन्तरले पराजित गरेको हो ।

जितसँगै शीर्ष स्थानमा उक्लिएको पुल्चोकले ९ खेलमा १९ अंक जोडेको छ । आरसी-३२ सँग अंक बराबरी भए पनि पुल्चोक गोल अन्तरमा अगाडि रहेको छ । पराजित साँगा समान खेलबाट १२ अंक जोड्दै सातौं स्थानमा छ ।

खेलको १५औं मिनेटमा सागर थिङको गोलमार्फत पुल्चोकले शुरूआती अग्रता लिएको थियो । २६औं मिनेटपछि सिरबले टोलीको अग्रता दोब्बर बनाए । ४६औं मिनेटमा सुमन श्रेष्ठले गोल गर्दा पुल्चोकले ३-० को अग्रता लिएको थियो । ८०औं मिनेटमा विश्वास बीसीले गोल गर्दै पुल्चोकको अग्रता ४-० मा पुर्‍याए । त्यसको दुई मिनेटपछि साँगाका विकाश परियारले गरेको गोल गरे । खेलको अन्तिम मिनेटमा सिरबले व्यक्तिगत दोस्रो गोल तथा टोलीका लागि पाँचौं गोल गर्दै पुल्चोकलाई सहज जित दिलाए ।



भारतमा जारी आम चुनावअन्तर्गत सोमबार अयोध्यामा सम्पन्न पाँचौं चरणको मतदानमा मत खसालेपछि औंलामा लगाइएको मसीको निशान देखाउँदै मतदाता। *तस्बिरः एएफपी*

# राफाहबाट आठ लाख मानिस विस्थापित

**तेल अभिभ–** मे महिनाको सुरुदेखि इजरायलले राफाह क्षेत्रमा सैन्य कारबाही सुरु गरेदेखि करिब आठ लाख मानिसहरू राफाहबाट विस्थापित भएका छन् । प्यालेस्टाइनस्थित संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनडब्ल्युएआर) का प्रमुखले शनिबार गाजामा नागरिकहरूको अधिक सुरक्षा, सुरक्षित मानवीय पहुँच र युद्धविरामको लागि नयाँ अपिल गर्दै विस्थापित प्यालेस्टिनीको पछिल्लो विवरण सार्वजनिक गरेका हुन् ।

राफाहको लगभग आधा जनसंख्या वा आठ लाख मानिसहरू सडकमा रहेको युएनडब्ल्युएआरका आयुक्त फिलिप लाजारिनीले सामाजिक सञ्जाल एक्समा गरेको पोस्टमा उल्लेख छ। मानिसहरूलाई तथाकथित सुरक्षित क्षेत्रहरू खाली गर्नका लागि गरिएको आदेशपछि, मानिसहरू मुख्यतया गाजा र खान युनूसका मध्य क्षेत्रहरूमा गएका हुन् । गाजा र खान युनिसमा अत्यधिक भवनहरू ध्वस्त भएको र उनीहरूको व्यवस्थापनमा कठिनाइ हुने उनले बताए ।

गाजाका मानिसहरू 'सुरक्षित' वा 'मानवीय' क्षेत्रमा सर्न सक्छन् भन्ने दाबी झूठो रहेको बताउँदै प्रत्येकपटक यसले नागरिकको जीवनलाई गम्भीर जोखिममा पारेको लाजारिनीले उल्लेख गरे । गाजामा कुनै सुरक्षित क्षेत्र नभएको र त्यस ठाउँका कुनै पनि मानिसहरू सुरक्षित नरहेको उनले उल्लेख गरे । *रासस/एएनआई*


# हेलिकप्टर दुर्घटनामा इरानी राष्ट्रपति रायसीको मृत्यु

**तेहरान, इरान–** इरानको उत्तरपश्चिमी क्षेत्रमा आइतबार दुर्घटना भएको हेलिकप्टरमा सवार इरानी राष्ट्रपति इब्राहिम रायसी, विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहियन र अन्य सबैको मृत्यु भएको इरानी सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

इरान-अजरबैजान सीमा क्षेत्रबाट फर्कने क्रममा इरानको उत्तरपश्चिममा रहेको तब्रिज सहरतर्फ जाँदै गर्दा राष्ट्रपति रायसी सवार हेलिकप्टर खराब मौसम (बाक्लो हुस्सु) का कारण दुर्घटनामा परेको थियो । हेलिकप्टरको भग्नावशेष खोयलर गाउँबाट केलेम जाने बाटोमा सोमबार बिहान क्षतविक्षत अवस्थामा फेला परेको हो । प्रेस टिभीद्वारा सम्प्रेषित समाचारमा भनिएको छ, 'हेलिकप्टर दुर्घटनामा राष्ट्रपति रायसी, विदेशमन्त्री हुसेन अमिर-अब्दुल्लाहियन, पूर्वी अजरबैजानका गभर्नर मालेक राहमती, इस्लामिक धर्मगुरू मोहम्मद अली अले-हाशेम र अन्य सबै यात्रुहरूको मृत्यु भएको छ ।'

केही शवहरू पहिचान खुल्न नसक्ने गरी जलेको इरानी अधिकारीहरूले बताएका छन् । रेड क्रिसेन्टले लिएको भग्नावशेषको ड्रोन फुटेज राष्ट्रिय सञ्चारमाध्यममा प्रसारित गरिएको थियो । सिएनएनका अनुसार फुटेजमा ठाडो जंगली पहाडमा दुर्घटनामा परेको हेलिकप्टरको निलो र सेतो पुच्छरभन्दा बाहेक सबै भाग जलेको वा क्षतिग्रस्त भएको देखिन्छ ।

दुर्घटनास्थलको सम्भावित दिशा घोषणा भएपछि उद्धार टोली तुरुन्तै तोकिएको स्थानमा



गएको भए पनि हेलिकप्टर फेला नपरेको तस्निम न्युजले वर्जेकानबाट जानकारी गराएको हो । उत्तरपश्चिम इरानमा आइतबार दुर्घटना भएको हेलिकप्टरमा राष्ट्रपति रायसीसहित तीन उच्च पदस्थ सरकारी अधिकारी, एक जना इस्लाम धर्मगुरू र चालक दलका सदस्य र सुरक्षा टोली गरी नौ जना सवार रहेको तस्निम न्युजले उल्लेख गरेको छ । मृत्यु हुने अन्य व्यक्तिमा चालक, सहचालक, चालक दलका प्रमुख, सुरक्षा प्रमुख, र एक अंगरक्षक रहेको जानकारी दिइएको छ ।

### उपराष्ट्रपति मोखबरले जिम्मेवारी सम्हाल्ने

राष्ट्रपति रायसीको मृत्यु भएपछि देशको पहिलो उपराष्ट्रपति मोहम्मद मोखबरले कार्यबाहक राष्ट्रपतिका रूपमा पदभार ग्रहण गर्ने सर्वोच्च नेता आयातोल्लाह खामेनीले बताएका छन् । इरानको संविधानले मोखबरको आन्तरिम नियुक्तिका लागि सर्वोच्च नेता खामेनीलाई अधिकार सुम्पिएको छ । उनी सबै राज्य मामिलामा अन्तिम निर्णायक हुन् । हालको अवस्थामा स्थायी उत्तराधिकारी छनोट गर्न ५० दिनभित्र राष्ट्रपतीय निर्वाचन गर्नुपर्ने प्रावधान इरानी संविधानमा रहेको छ र सभामुख, न्यायपालिकाका प्रमुख र उपराष्ट्रपतिले बनेको परिषद्लाई राष्ट्रिय मतदानको आयोजना गर्ने जिम्मा दिइन्छ ।

इरानले राष्ट्रपति रायसीलगायतका दुर्घटनामा दिवंगत भएका नेताहरूको सम्झनामा पाँच दिनको राष्ट्रिय शोकको घोषणा गरेको छ । इरानी संविधानले 'राष्ट्रपतिको मृत्यु, बर्खास्त, राजीनामा, अनुपस्थिति वा दुई महिनाभन्दा बढी बिरामी भएमा' पहिलो उपराष्ट्रपतिले राष्ट्रपतिको पदभार ग्रहण गर्ने व्यवस्था गरेको छ । विदेशमन्त्री हुसेन अमिर-अब्दुल्लाहियन र अन्य अधिकारीहरूसँगै आइतबार दुर्घटनामा परेका राष्ट्रपति रायसी आफ्नो चार वर्षीय पहिलो कार्यकालको अन्त्यतिर थिए । अगस्ट २०२१ मा रायसीले कार्यभार सम्हालेपछि ६८ वर्षीय मोखबरलाई उपराष्ट्रपति नियुक्त गरिएको थियो ।

सन् २००७ देखि वर्षौंसम्म मोखबरले सन् १९७९ को इस्लामिक क्रान्तिपछि जफत गरिएका सम्पत्तिहरूको व्यवस्थापन गर्ने सरकारी संगठन इमाम खोमेनीको आदेशको कार्यान्वयनको अध्यक्षता गरेका थिए । सन् १९८० को दशकमा स्थापना भएको यो संगठन राज्यको प्रमुख आर्थिक समूह बनेको छ ।

सन् १९८० मा इस्लामिक गणतन्त्रको पहिलो मतदानपछि प्रत्येक चार वर्षमा इरानीहरूले राष्ट्रपति चुनावका लागि मतदान गर्दै आइरहेका छन् । संविधानले इरानी राष्ट्रपतिका लागि दुई कार्यकालको सीमा तय गरेको छ । प्रधानमन्त्रीको प्रावधान नरहेको इरानमा राष्ट्रपतिलाई विभिन्न उपराष्ट्रपतिहरूसँगको सहकार्यमा मन्त्रिपरिषद्को गठन र निर्देशनको जिम्मेवारी दिइन्छ । *एएनआई/एएफपी*

## विश्वका नेताहरूबाट शोक व्यक्त

**नयाँदिल्ली (भारत)–** युरोपेली युनियन (इयू), रूस, चीन, भारत, पाकिस्तान, श्रीलंका, टर्की, सिरिया, मलेसिया, इन्डोनेसिया, इजिप्ट, युएई, कतार, दक्षिण अफ्रिकालगायत देश र संगठनका प्रमुखले इरानी राष्ट्रपति रायसीको मृत्युप्रति शोक व्यक्त गरेका छन् ।

चीनका राष्ट्रपति सी चिनफिङले इरानी राष्ट्रपति इब्राहिम राइसीको हेलिकप्टर दुर्घटनामा भएको दुःखद निधनले इरानी जनताका लागि ठूलो क्षति भएको बताएका छन् । 'इरानी राष्ट्रपति रायसीको दुःखद निधनले इरानी जनताका लागि ठूलो क्षति भएको छ र चिनियाँ जनताले एक असल मित्र गुमाएका छन्,' चिनियाँ राष्ट्रपति सीको भनाइ उद्धृत गर्दै विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले नियमित पत्रकार सम्मेलनमा भने ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले इरानका राष्ट्रपति रायसीको निधनप्रति दुःख व्यक्त गर्दै इरानले एक जना 'उत्कृष्ट राजनीतिज्ञ' गुमाएको र यसबाट इरानलाई 'अपूरणीय क्षति' भएको बताएका छन् । पुटिनले भने, 'रायसी एक उत्कृष्ट राजनीतिज्ञ हुनुहुन्थ्यो । उहाँको सम्पूर्ण जीवन आफ्नो मातृभूमिको सेवामा समर्पित थियो ।' पुटिनद्वारा जारी शोक वक्तव्यमा भनिएको छ, 'रूसको एक सच्चा मित्रको रूपमा उहाँले हाम्रो देशसँग एक असल छिमेकीको सम्बन्धको विकासमा व्यक्तिगतरूपमा उहाँले अमूल्य योगदान गर्नुभएको थियो ।'

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इरानी राष्ट्रपति रायसीको हेलिकप्टर दुर्घटनामा भएको दुःखद निधनले आफू मर्माहत र स्तब्ध भएको बताएका छन् । 'उहाँको परिवार र इरानका जनताप्रति मेरो हार्दिक समवेदना छ,' मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'दुःखको यस घडीमा भारत इरानको साथमा रहने छ ।'

भारत र इरानबीच ऐतिहासिक रूपमा घनिष्ठ सम्बन्ध रहँदै आएको छ । अमेरिकी प्रतिबन्धका बाबजुद् पनि विश्वको प्रमुख अर्थव्यवस्था भारतले इरानबाट धेरै वर्षदेखि ठूलो मात्रामा तेल आयात गर्दै आएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले इरानका राष्ट्रपति रायसीको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको समाचारले आफू स्तब्ध भएको बताएका छन् । 'राष्ट्रपति रायसी र उहाँका साथीहरूको मृत्युप्रति शोक व्यक्त गर्न र इरानको राष्ट्रिय शोकको यस घडीमा ऐक्यबद्धता जनाउन पाकिस्तानले सोमबार एक दिन राष्ट्रिय शोकको घोषणा गरेको छ,' उनले भने। सोमबार पाकिस्तानले आफ्नो राष्ट्रिय झण्डालाई आधा झुकाएको थियो। *रासस/एएनआई*

### राष्ट्रसंघको आग्रह

# आणविक सामग्री चोरीविरूद्ध 'सतर्कता' अपनाऊ

**भियना (अस्ट्रिया)–** संयुक्त राष्ट्रसंघले गत ३० वर्षमा चार हजार २०० भन्दा बढी आणविक सामग्री चोरी वा अन्य घटनाहरू दर्ता भएको भन्दै सोमबार आणविक र अन्य रेडियोधर्मी सामग्रीको तस्करीविरुद्ध 'सतर्कता' अपनाउन आह्वान गरेको छ । गत वर्ष ३१ वटा देशले १६८ वटा चोरी र तस्करीको घटना दर्ता गरेको अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए) ले जनाएको छ । यसमध्ये छ वटा सम्भवतः तस्करी वा दुर्भावनापूर्ण प्रयोगसँग सम्बन्धित रहेको पुष्टि भएको आइएइएले बताएको हो ।

सन् १९९३ देखि आइएइएले चार हजार २४३ वटा घटना रेकर्ड गरेको छ जसमध्ये ३५० घटना तस्करी वा दुर्भावनापूर्ण प्रयोगसँग जोडिएको पाइएको छ । 'घटनाहरूको पुनरावृत्तिले रेडियोधर्मी सामग्रीको नियन्त्रण, सुरक्षा र उचित डिस्पोज गर्न नियामक निरीक्षणको सतर्कता र निरन्तर सुधारको आवश्यकतालाई पुष्टि गर्दछ,' आइएइएका आणविक सुरक्षा महाशाखाकी निर्देशक एलेना बुग्लोभाले भनिन् ।



आइएइएले युरेनियम, प्लुटोनियम र थोरियमजस्ता आणविक सामग्री समावेश भएका घटनाहरूमा गिरावट आएको उल्लेख गरेको छ। बुग्लोभाले विशेषगरी ओसारपसारका क्रममा बढी असुरक्षित रहने बताउँदै ओसार पसारसम्बन्धी सुरक्षा उपायलाई सुदृढ पार्न महत्त्वपूर्ण रहेकोमा जोड दिए ।

अस्ट्रियाको राजधानीमा शुक्रबारसम्म चल्ने आणविक सुरक्षासम्बन्धी चौथो अन्तर र्ष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै भियनास्थित आइएइए कार्यालयले यो तथ्यांक सार्वजनिक गरेको हो । यसअघि सन् २०२० मा भियनामा यो सम्मेलन आयोजना गरिएको थियो ।

हाल कूल १४५ राज्यले आणविक वा अन्य रेडियोधर्मी सामग्री हराएको, चोरी भएको, अनुचित रूपमा डिस्पोज गरिएको वा अन्यथा बेवास्ता गरिएको घटनाहरू आइएइएमा जानकारी गराएका छन् ।

रेडियोधर्मी पदार्थहरू विशेषत विश्वभरका अस्पताल, विश्वविद्यालय र उद्योगमा प्रयोग गरिन्छ। यस विषयमा चरमपन्थीहरूले सामग्रीहरू प्राप्त गरी तिनीहरूलाई 'डर्टी बम' का रूपमा प्रयोग गर्नसक्ने ठूलो चिन्ता रहेको छ । 'डर्टी बम'ले विखण्डित वा 'फ्युजन एटम बम'को तुलनामा कम क्षति पुऱ्याउने भए पनि यसले सहरी क्षेत्रमा ठूलो आतंक निम्त्याउन सक्छ । *रासस/एएफपी*


**बर्दिबास नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**बर्दिवास, महोत्तरी**

**बोलपत्र स्वीकृतीको आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०८**

यस कार्यालयबाट मिति २०८०/१२/१८ मा प्रभाव दैनिकमा प्रकाशित तपसिलका खरिद ठेक्का सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक र PS सहित) |
|---|---|---|---|
| १. | BM/ NCB/ Works /2080/081-09 | Shanta Om Construction Pvt. Ltd, Lalgadh, Dhanusha | Rs. 3455470.95 |
| २. | BM/ NCB/ Works /2080/081-10 | Banke Thakur Nirman Sewa, Ishworpur-12, Sarlahi | Rs. 3040702.15 |
| ३. | BM/ NCB/ Works /2080/081-11 | Manasalu Energy Pvt. Ltd, Balaju, Kathmandu | Rs. 3366032.00 |
| ४. | BM/ NCB/ Works /2080/081-12 | Shanta Om Construction Pvt. Ltd, Lalgadh, Dhanusha | Rs. 2753010.93 |
| ५ | BM/ NCB/ Works /2080/081-13 | Yati Construction Pvt. Ltd, Chabahil-7, Kathmandu | Rs. 2699621.84 |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४१८०० | प्रति तोला - १४११०० | प्रति तोला - १९४० |

# ११ खर्ब ७७ अर्ब पुग्यो व्यापार घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा मुलुकले रु ११ खर्ब ७७ अर्ब १८ करोड ३४ लाख बराबर व्यापार घाटा व्यहोरेको छ । भन्सार विभागले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार गत वैशाख मसान्तसम्ममा रु १३ खर्ब तीन अर्ब ३५ करोड ७० लाख बराबरको वस्तु आयात भएको थियोभने रु एक खर्ब २६ अर्ब १७ करोड ३५ लाख बराबरको निर्यात भएको थियो ।

विभागका अनुसार चालु आवको १० महिनामा रु १४ खर्ब २९ अर्ब ५३ करोड पाँच लाख बराबरको वैदेशिक व्यापार भएको छ । यो अवधिको कुल वैदेशिक व्यापार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा दुई दशमलव ५० प्रतिशतले घटेको हो । गत आर्थिक वर्षको दश महिनाको तुलनामा आयात दुई दशमलव ३९ र निर्यात तीन दशमलव ६१ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा भारतसँग नेपालले रु सात खर्ब २९ अर्ब ७० करोड बराबरको व्यापार घाटा व्यहोरेको छ । भारतबाट रु आठ खर्ब १५ अर्ब ७२ करोडको आयात र रु ८६ अर्बको निर्यात भएको छ । नेपालसँग दोस्रो ठूलो वैदेशिक व्यापार छिमेकी मुलुक चीनसँगको व्यापार घाटा रु दुई खर्ब ३८ अर्ब ५५ करोड बराबर रहेको छ । दश महिनामा चीनसँग रु दुई खर्ब ४० अर्ब ८३ करोड बराबरको आयात हुँदा रु २२ अर्ब ७४ करोड बराबरको निर्यात भएको छ ।

वैशाख मसान्तसम्मको वैदेशिक व्यापारमा सबैभन्दा धेरै आयात पेट्रोलियम पदार्थको भएको छ । यो अवधिमा रु एक खर्ब १५ अर्ब ६७ करोड बराबरको डिजेल रु ५६ अर्ब ८० करोड बराबरको डिजेल र रु ४६ अर्ब बराबरको खाना पकाउने ग्यास आयात भएको छ । सोही अवधिमा रु २४ अर्ब एक करोड बराबरको मोबाइल फोन आयात भएको छ ।

नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट रु आठ अर्ब ७९ करोड, अलैंची रु छ अर्ब ९१ करोड, फलामजन्य वस्तु रु पाँच अर्ब ५२ करोड र पाम आयल रु पाँच अर्ब ६० करोड बराबर छ ।

# नेप्सेमा उछाल, झण्डै ६ अर्बको कारोबार

**काठमाडौं (प्रस)–** यो साता कारोबारको लगातार दोस्रो दिन सोमबार पनि नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उच्च अंकको वृद्धि देखिएको छ भने पछिल्लो चार महिनायताकै उच्च रकम कारोबार भएको छ ।

आइतबार नेप्से परिसूचक ४५ दशमलव ६९ अङ्कले बढेकामा सोमबार २७ दशमलव ५४ अङ्कले बढेर दुई हजार ९२ को बिन्दुमा कायम भएको छ । तीन सय १५ कम्पनीको एक करोड ४३ लाख ७० हजार छ सय ८९ कित्ता सेयर ८० हजार नौ सय ८२ पटक खरिद बिक्री हुँदा रु पाँच अर्ब ८५ करोड ४३ लाख ५४ हजार दुई सय १२ बराबरको कारोबार भएको छ । यो कारोबार रकम गत पुस २७ गते यताकै उच्च हो । कारोबारपछि कूल बजार पुँजीकरण रु ३३ खर्ब १७ अर्ब २९ करोड ६५ लाख ८० हजार हाराहारी पुगेको छ ।

कारोबारमा वित्त समूह शून्य दशमलव ५७, जीवन बीमा समूह शून्य दशमलव ०८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५२, लघुवित्त शून्य दशमलव ६५ र अन्य समूहको उपसूचक शून्य दशमलव ५० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेड रु १९ करोड ९२ लाख ९९ हजार आठ सय २४ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने कुमारी बैंक लिमिटेडको चार लाख ४३ हजार ५८ कित्ता सेयर खरिद बिक्री भएको छ ।

## कर्पोरेट

### महालक्ष्मी विकास बैंकको ३०औं वार्षिकोत्सवमा विभिन्न कार्यक्रम



**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लि.ले ३०औं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवको अवसरमा बैंकले वित्तीय साक्षरता ऱ्याली तथा आफ्ना ८ वटा शाखाहरू मार्फत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । यसका साथै स्वास्थ्य तथा आँखा शिविर, महालक्ष्मी कर्पोरेट क्रिकेट लिग - २०२४, श्रृंखला ३ लगायत विभिन्न कार्यक्रमहरू गरी ३० औं वार्षिकोत्सव सम्पन्न गरिनेछ ।

बैंकले वार्षिकोत्सवको अवसरमा जेष्ठ ६ गते, आइतबार आठ शाखा कार्यालयहरू मार्फत रक्तदान कार्यक्रम सम्पन्न गरी कुल २९५ पिन्ट रगत संकलन गरेको छ । स्वास्थ्य क्षेत्रमा चुनौतीको रूपमा रहेको रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले ३० औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रम सञ्चालन गरेको हो ।

त्यस्तै केन्द्रिय कार्यालय, प्रादेशिक कार्यालयहरू तथा शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा जेष्ठ ५ गते, शनिबार बिहान ७:३० देखि ८:३० बजेसम्म वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको छ । उक्त प्रभातफेरी कार्यक्रममा बैंकिङ सेवाहरू: जस्तै मोवाईल बैंकिङ, स्मार्ट क्युआर, निक्षेप, कर्जा, विप्रेषण आदिसँग सम्बन्धित प्लेकार्डहरूको प्रयोग गरिएको थियो ।

बैंकले जेष्ठ ७ गते, सोमबार केन्द्रिय, प्रादेशिक तथा शाखा कार्यालयहरू मार्फत देशको भौगोलिक र सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीहरूलाई स्थानिय भेषभूषामा बैंकमा उपस्थित गराएर साँस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरि बैंकको केन्द्रिय कार्यालय दरबारमार्गमा जेष्ठ ८ गते स्वास्थ्य शिविर र जेष्ठ ९ गते आँखा शिविर सञ्चालन गरिनेछ भने विगत २ बर्षदेखि सुरुवात गरिएको महालक्ष्मी कर्पोरेट क्रिकेटको तेस्रो श्रृङखला (महालक्ष्मी कर्पोरेट क्रिकेट लिग - २०२४, श्रृङखला ३) १६ टिमको सहभागितामा बैंकले जेष्ठ २२, २३ र २४ गते सञ्चालन गरिनेछ । 'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसाथ गर्दै विगत ३० वर्ष देखि अनवरत रूपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ वटा शाखा कार्यालयहरू र ७ लाख भन्दा बढी ग्राहकहरू रहेका छन् ।

### स्वावलम्बन लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम




**काठमाडौं (प्रस)–** स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि शाखा कार्यालय लेले, ललितपुरको आयोजनामा वित्तीय साक्षरता तथा केन्द्र प्रमुख अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भयो । कार्यक्रममा आथिक बर्ष २०७९/८० मा शाखा अन्तरगत रहेका केन्द्रहरू मध्ये उत्कृष्ट ३ वटा केन्द्रलाई नगद सहित पुरस्कार वितरण गरिएको थियो । त्यस्तै, शाखा कार्यालय अन्तरगत शैक्षिक सत्र २०७९ मा एसईई परिक्षामा ग्राहक सदस्यका छोराछोरी मध्येबाट उत्कृष्ट अंक प्राप्त गर्न सफल केन्द्र न ७५ समुह नं. ४ मा आवद्ध सदस्य साईली माया लामाकी छोरी लक्ष्मी लामालाई रु.१० हजार नगद पुरस्कार वितरण गरिएको थियो ।


केन्द्र नं. ६३ का प्रमुख पुना देवी राईको अध्यक्षता तथा प्रहरी कार्यालय लेले, ललितपुरका प्रहरी सहायक निरीक्षक भिम बहादुर कोइरालाको प्रमुख आतिथ्यमा संचालित कार्यक्रमका विशिष्ठ अतिथिको रूपमा वित्तीय संस्थाको केन्द्रीय कार्यालयका नायव विभागीय प्रबन्धक मोहित नारायण यादवको उपस्थिति थियो ।

### क्युआर मर्चेन्टस्हरूलाई कुमारीको फोन लोन सुविधा




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले क्यूआर कोडबाट कारोबार गर्ने आफ्ना क्युआर मर्चेन्टहरूलाई बिना झन्झट कुमारी मोबाइल बैकिङ एप मार्फत नै रु दुई लाख सम्मको कर्जा उपयोग गर्न सक्ने फोनलोन सुविधा सञ्चालनमा ल्याएको छ । यसबाट विशेष गरि घरेलु, साना तथा मझौला उद्यमीहरूका वित्तीय कारोबारहरू डिजिटल माध्यममा आकर्षित गर्न तथा उद्यमीहरूका सानातिना वित्तीय आवश्यकताहरू परिपुर्ति हुदा वित्तीय पहुच समेतमा विस्तार हुने अपेक्षा बैंकले लिएको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ५९ शाखा रहित बैंकिङ एकाइहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ